आज मिति २०८० असार ०८ गतेका दिन यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :– श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :– श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :– श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :– श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :– श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :– श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :– श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :– श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :– श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :– श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :– श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :– श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :– श्री पूर्ण घले

कार्यपालिका सदस्य :– श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :– श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :– श्री मधु माया बगाले

कार्यपालिका सदस्य :– श्री सोम बहादुर वि.क.

नि.प्रमुख प्रशासकीय अधिकृत :– श्री अर्जुन चपाई

अन्य उपस्थिति :

प्रविधिक शाखा प्रमुख :- श्री सुरेश गौतम

लेखा शाखा प्रमुख :- श्री सुरेन्द्र ढुङगाना

मिति २०८० असार ०८ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु ।

निर्णय नं १: अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

मिति २०८०/०३/०३ गतेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरू कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

निर्णय २ आगामी आर्थिक वर्ष २०८०/८१ को मर्स्याङ्दी गाँउपालिकाको आर्थिक विधेयक,२०८० ) गाउँसभामा पेश गर्ने सम्वन्धमा ।

मर्स्याङदी गाउँपालिकाका गाउँकार्यपालिकामा पेश भएको आगामी आर्थिक वर्ष २०८०/८१ को तपशिल वमोजिमको आर्थिक विधेयक,२०८० कार्यपालिकाका सदस्यहरु वीच व्यापक छलफल भई सर्वसहमतिले पारित गर्ने र गाउँसभामा पेश गर्ने निर्णय गरीयो ।

## मर्स्याङ्दी गाउँपालिकाको आर्थिक विधेयक २०८०

प्रस्तावना:

मर्स्याङ्दी गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम मर्स्याङ्दी गाउँ सभाले यो विधेयक बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस विधेयकको नाम "मर्स्याङ्दी गाउँपालिकाको आर्थिक विधेयक २०८०" रहेको छ।

   (२) यो विधेयक २०८० साल श्रावण १ गतेदेखि मर्स्याङ्दी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. भूमि कर / मालपोत मर्स्याङ्दी गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । यस अनुसूची बाट जम्मा रु **१५ लाख रुपैया** मात्र राजश्व संकलन गर्न सकिने अनुमान गरिएको छ ।

३. घरवहाल करः मर्स्याङ्दी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ । यस अनुसूची बाट जम्मा **रु २ लाख ५० हजार रुपैया** मात्र राजश्व संकलन गर्न सकिने अनुमान गरिएको छ ।

४. व्यवसाय दर्ता तथा नविकरण मर्स्याङ्दी गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।यस अनुसूचिबाट जम्मा **रु ५ लाख रुपैया** मात्र राजश्व संकलन गर्न सकिने अनुमान गरिएको छ ।

५. कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने करः
मर्स्याङ्दी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ । यस अनुसूची बाट जम्मा रु ३ लाख रुपैया मात्र राजश्व संकलन गर्ने अनुमान गरिएको छ ।

६. बहाल बिटौरी कर :मर्स्याङ्दी गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (५) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ । यस अनुसूचीबाट जम्मा रु २ लाख रुपैया मात्र राजश्व संकलन गर्ने अनुमान गरिएको छ ।

७. पर्यटन शूल्क (क्यानोइङ्ग र र्‍याफ्टीङ्ग शुल्क, शहासिक खेलकुदः) मर्स्याङ्दी गाउँपालिकाले आफ्नो क्षेत्रभित्र क्यानोइङ्गर र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (६) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ । यस अनुसूचीबाट जम्मा रु ५० हजार रुपैया संकलन गर्ने अनुमान गरिएको छ ।

८. सेवा शुल्क, दस्तुरःमर्स्याङ्दी गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (७) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ । यस अनुसूचीबाट जम्मा रु २५ लाख रुपैया मात्र राजश्व संकलन गर्ने अनुमान गरिएको छ । साथै गैरकर राजश्व रु २ लाख रुपैया संकलन गर्ने अनुमान गरिएको छ ।

९. जलस्रोत सम्वन्धी शुल्क पदार्थको (ढुङ्गा, गिट्टि, बालुवा): मर्स्याङ्दी गाउँपालिकामा भएका प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टि, बालुवा) को गाउँपालिकाले ठेक्काको माध्यमबाट नियमानुसारले लगाउने शुल्क तथा गाउँसभा र गाउँकार्यपालिकाले तोके अनुसारको शुल्क लगाइने र असूल उपर गरिनेछ । उक्त क्षेत्रबाट जम्मा रु ३० लाख रुपैया राजश्व उठाउने अनुमान गरिएको छ ।

१०. सरकारी सम्पत्ती बहाल करः गाउँपालिकाले ट्याक्टर, व्याक्हो लोडर लगायतका मेसिनरी सामानहरुको निश्चित दररेट तोकी भाडामा लागाउन सक्ने छ र सो बापत अनुसूची ९ मां उल्लेख भए बमोजिम रु ५ लाख रुपैया मात्र राजश्व संकलन गर्ने अनुमान गरिएको छ

११. परीक्षा शुल्कः यस गाउँपालिका भित्र भएका रिक्त पदको पदपूर्तीको लागि गरिने परीक्षा र सोको लागि लिइने शुल्क सह्वय कानून बमोजिम निर्धारण गरिनेछ । यस अन्तर्गत जम्मा रु ५ हजार रुपैया मात्र राजश्व संकलन गर्ने अनुमान गरिएको छ

१२. प्रशासनीक दण्ड, जरिवाना र जफतः यस अन्तर्गत विलम्ब शुल्क, धरौटी जफत जस्ता जरिवानाहरु पर्छन जसबाट रु ५० हजार रुपैया मात्र राजश्व संकलन गर्ने अनुमान गरिएको छ ।

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

१३. अन्य राजश्वः मर्स्याङ्दी गाउँपालिकाको अधिकार क्षेत्र भित्र दर्ता हुने तथा नविकारण हुने सङ्घ संस्था तथा व्यवसायहरुको दर्ता तथा नविकरण गरे बापतको राजश्व संकलन व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि अनुरुप गरिनेछ । यस बाट जम्मा रु २ लाख ९५ हजार रुपैया मात्र संकलन गर्ने अनुमान गरिएको छ ।साथै फोहोरमैला कर बापत रु १ लाख रुपैया मात्र संकलन गर्ने अनुमान गरिएको छ ।

सवारी साधन करः मर्स्याङ्दी गाउँपालिकाको क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ । यस अनुसूचीबाट जम्मा रु ५० हजार रुपैया मात्र राजश्व संकलन गर्ने अनुमान गरिएको छ ।

१५. घरहरुको नक्सा पास तथा प्रमाणिकरण दस्तुरः मर्स्याङ्दी गाउँपालिका भित्रका बन्दै गरेका घरहरुको नक्सा पास तथा प्रमाणिकरण बापतको दस्तुर लिइनेट । यस क्षेत्रबाट जम्मा रु २ लाख रुपैया मात्र संलकन गर्ने अनुमान गरिएको छ ।

१६. अन्य आम्दानीः यस गाउँपालिकाले जारी गरेका विधेयक, कार्यविधि र निर्देशिकाहरुले तोकेबमोजिमका विषयहरु साथै उल्लेखित शिर्षकहरुमा नपर्ने क्षेत्रहरुबाट कानून लगाउन सकिने छ सो बापत रु ५ लाख रुपैया मात्र संकलन गर्ने अनुमान गरिकएको छ ।

१७. कर छुटःयस विधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१८. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो विधेयकमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि मर्स्याङ्दी गाउँपालिकाले तोके अनुसार हुनेछ ।

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

अनुसूची-१
भूमीकर ( मालपोत )

| क्र.स. | खेत तर्फ प्रति रोपनी | पाखो तर्फ प्रति रोपनी | जरीवाना दस्तुर | बाझो जग्गा बापत जरिवाना |
|---|---|---|---|---|
| १ | रु २०।०० | रु १०।०० | कर मुल्यको आधा लाग्ने । | खेत तर्फ प्रति रोपनी रु ६०।- र पाखो तर्फ प्रति रोपनी रु ३०।- |

अनुसूची-२
घर बहाल कर

| | | |
|---|---|---|
| १. | संघ संस्था, सरकारी कार्यालय, गोदाम, निजी प्रयोजनको लागि भाडामा दिने | १० प्रतिशतका दरले |

अनुसूची-३
व्यवसाय दर्ता तथा नविकरण

क) व्यवसायीक प्रयोजनको लागि सञ्चालित पसलहरु

| क्र.स. | विवरण/प्रकार / वर्गिकरण | रकम रु | कै. |
|---|---|---|---|
| १ | भ्याटमा दर्ता भएका व्यवसायहरु - | २०००।०० | भ्याटमा दर्ता हुनु पर्ने व्यवसायहरु तर नभएका समेत |
| २ | प्यानमा दर्ता भएका व्यवसायहरु | १०००।०० | |
| ३ | पसल | ५००।०० | प्यानमा दर्ता नभएका व्यवसायहरु मात्र |
| ४ | पोका वा झोलामा सामान राखी मोटर साइकल, प्रति दिन | १००।०० | |
| ५ | मानिस आफैले बेच्ने प्रति दिन | ५०।०० | |

ख) व्यवसायीक प्रयोजनको लागि सञ्चालित होमस्टे

| क.सं. | व्यवसायको विवरण | श्रेणी | श्रेणी | श्रेणी |
|---|---|---|---|---|
| | स्तर | क | ख | ग |
| | | | | |

(अर्जुन गुरुङ
अध्यक्ष)

CamScanner

| | | | | |
|---|---|---|---|---|
| १ | होमस्टे प्रति घर | १५००।०० (वार्षिक १०० जना सम्म पर्यटक आउने ।) | १०००।० ( वार्षिक ५० जना सम्म पर्यटक आउने ।) | |

ग) केबूल, नेटवर्किङ केवल

| | | |
|---|---|---|
| १ | केबूल, नेटवर्किङ केवल | ५,०००।०० |

घ) वित्तीय सेवा (व्यवसाय कर)

| क्र.स. | वर्गीकरण | क वर्ग | ख वर्ग | ग र घ वर्ग |
|---|---|---|---|---|
| १ | बैंक, | १५,०००।०० | १५,०००।०० | १०,०००।०० |
| २ | सहकारी संस्था | १०,०००।०० | ८,०००।०० | ५,०००।०० |

ङ) शिक्षा सेवा तथा निर्माण व्यवसायी (व्यवसाय कर)

| | | | | |
|---|---|---|---|---|
| १) | नि.जि क्षेत्रका बोर्डिङ स्कूल क्याम्पस मा.वि,आ.वि. र प्रा.वि. | ७,०००।०० | ५,०००।०० | ३,०००।०० |
| २) | निर्माण व्यवसायी गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा घ | इजाजत पत्र दस्तुर रु १५,०००।-, इजाजत पत्र नवीकरण दस्तुर रु ५,०००।-, व्यवसाय कर दस्तुर रु १०,०००।-, विलम्ब शुल्क दस्तुर रु २०००।- | | |

च) कवाडी सामानको थोक बिक्रेता

| | | | |
|---|---|---|---|
| कवाडी सामानको थोक बिक्रेता | प्रति ट्र्याक्टर रु २,५०० | प्रति टिपर रु ५,००० | प्रति ट्रक रु ७,५०० |

## अनुसूची-४

*कृषि तथा पशुजन्य वस्तुको व्यवसायिकक करोवारमा*

| | | |
|---|---|---|
| १ | यार्सागुम्बा कांचो प्रति किलो रु<br>यार्सागुम्बा सुकेको प्रति किलो रु | १०००।००<br>४,०००।०० |

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| २ | सतुवा प्रति किलो रु | २५०।०० |
| ३ | वनलसुन प्रति किलो रु | ५००।०० |
| ४ | तेजपत्ता प्रति किलो रु | ५।०० |
| | | |
| ५ | दालचिनि प्रति किलो | ५।०० |
| | | |
| ६ | मह प्रति लिटर | ५०।०० |
| ७ | अलैची प्रति किलो | ५।०० |
| ८ | अन्य | ५०।०० |

अनुसूची-५
बहाल बिटौरी शुल्क

| | | |
|---|---|---|
| १. | सरकारी तथा सार्वजनिक जमिन उपयोग गरे वापत ( वसोवास प्रयोजन ) | प्रति आना वार्षिक रु १००।०० |
| २. | सरकारी तथा सार्वजनिक जमिन उपयोग गरे वापत ( व्यापारिक प्रयोजन ) | प्रति आना वार्षिक रु ३००।०० |
| ३. | सार्वजनिक जमिन व्यवसायिक कृषि उत्पादनको लागि प्रयोग | प्रतिरोपनी ५००।०० |

अनुसूची-६
पर्यटन शूल्क ( क्यानोइङ्ग शुल्क, र्‍याफ्टीङ् शुल्क , सहासिक खेलकुद )

| | | |
|---|---|---|
| १. | नदीमा र्‌फटिङगर्ने पर्यटकहरुलाई प्रति व्यक्ति प्रति पटक | २०।०० |
| २. | रक कलाईमिङ (स्थानीय ,नेपाली,विदेशी) प्रति दिन | १००,२००,५०० |
| ३. | क्यानोइङ् (विदेशी पर्यटक प्रति व्यक्ति प्रति दिन )<br>क्यानोइङ् (स्वदेशी पर्यटक प्रति व्यक्ति प्रति दिन ) | २००।००<br>१००।०० |

अनुसूची-७
सेवा शुल्क/दस्तुर

| सि.न | विवरण | नया कर/शूल्क/दस्तुर (रु) |
|---|---|---|
| | क) पञ्जीकरण सम्बन्धी तथा अन्य सिफरिस | |
| १ | नाता प्रमाणित ( नेपालीमा) | ३००।०० |
| २ | नाता प्रमाणित (अंग्रेजीमा) | ५००।०० |

अर्जुन गुरुङ
अध्यक्ष

| | | |
|---|---|---|
| ३ | जन्म, विवाह, मृत्यु, बसाईसराई र सम्बन्ध विच्छेद विलम्ब दस्तुर | २००।०० |
| ४ | राहदानी सिफारिस | ३००।०० |
| ५ | वंशजको नागरिकता सम्बन्धी सिफारिस | २००।०० |
| ६ | वंशजको नागरिकता सम्बन्धी प्रतिलिपी सिफारिस | २००।०० |
| ७ | अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | २,०००।०० |
| ८ | नाम छुटको सिफारिस | २००।०० |
| ९ | सनाखतको सिफारिस | २००।०० |
| १० | जन्म,मृत्यु सम्बन्धी सिफारिस | २००।०० |
| ११ | पति पत्नी सम्बन्ध विच्छेद निवेदन दस्तुर | १,०००।०० |
| १२ | अस्थायी/स्थायी बसोबास सम्बन्धी सिफारिस | २००।०० |
| १३ | नाम, थर, जन्म मिति संशोधन सिफारिस | ३००।०० |
| १४ | जन्ममिति प्रमाणित शुल्क | २५०।०० |
| १५ | व्यक्तिगत विवरण प्रमाणित गर्ने शुल्क | २००।०० |
| १६ | प्रतिलिपी व्यक्तिगत घटना दर्ता | ३००।०० |
| १७ | चारित्रिक सिफारिस, नावालक / बालिका परिचयपत्र सिफारिस | ५००।०० |
| १८ | अविवाहित प्रमाणित | ५००।०० |
| १९ | पारीवारिक विवरण सम्बन्धि सिफारिस | ३००।०० |
| २० | जिवित सिफारिस | २००।०० |
| २१ | मृतक संगको नाता प्रमाणित | ३००।०० |
| २२ | संरक्षक सिफरीस (व्यक्तिगत) | २००।०० |
| २३ | संरक्षक सिफरीस (संस्थागत) | ५००।०० |
| २४ | हकवाला हकदार प्रमाणित<br>विदेशी प्रयोजनका लागि | २००।००<br>५००।०० |

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| २५ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस( नेपाली पेन्सनर, भारतीय पेन्सनर , ब्रिटिस वा अन्य देशका पेन्सनर ) | क्रमश: रु२००।०० , रु ३००।०० र रु ५००।०० |
| २६ | हकवाला संरक्षण सम्बन्धी सिफारिस | ५००।०० |
| २७ | पालनपोषणको लागि सिफारिस | २००।०० |
| २८ | अंग्रेजी रुपान्तरण | ५००।०० |
| २९ | सर्जमिन शुल्क | ५००।०० |
| ३० | फोहोरमैला संकलन दस्तुर (व्यक्ति, होटल/ ठुला पसल,संस्थाहरु ( मासिक ) | क्रमश: रु२०, रु५०, रु१०० । |
| | ख) घर जग्गा सम्बन्धी सिफरिस | |
| १ | कच्ची घर कायम | ३००।०० |
| २ | पक्की घर कायम | ५००।०० |
| ३ | घरजग्गा नामसारी | ५००।०० |
| ४ | घरपातल प्रमाणित शुल्क | २००।०० |
| ५ | जग्गा दर्ता सिफारीस | १५०।०० |
| ६ | जग्गा रेखांकनको कार्य / सो कार्यमा रोहबर | २००।०० |
| ७ | जग्गा धनीपुर्जा हराएको सिफारीस | २००।०० |
| ८ | पुर्जामा घर कायम गर्ने सिफारीस | २००।०० |
| ९ | मोही लगत कट्टा सिफारीस | २००।०० |
| १० | घर कोठा खोल्ने कार्य/ रोहबरमा बस्ने कार्य | २००।०० |
| ११ | कित्ताकाट गर्न सम्बन्धि सिफारिस | २००।०० |
| १२ | जग्गाको हक सम्बन्धि सिफारिस | ५००।०० |
| १३ | जग्गा मूल्याङ्कन सिफारीस / प्रमाणित | ३००।०० |
| १४ | नेपाल सरकारको नाममा बाटो कायम सिफारीस | १५०।०० |

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| | ग) काठ दाउरा सम्बन्धी सिफारिस | |
| १ | निकासी प्रति ट्याक्टर रु | १,०००।०० |
| २ | निकासी प्रति ट्रक रु | २,५००।०० |
| | घ) संस्था, उद्योग तथा व्यवसाय सम्बन्धी सिफारिस | |
| १ | उद्योग स्थापना सिफारिस | ५००।०० |
| २ | उद्योगठाउसारी गर्न सिफारिस | ५००।०० |
| ३ | नया व्यवसाय दर्ता (रु १० लाख सम्म, रु २० लाख सम्म र सो भन्दा माथि) | क्रमश: रु२००।०० , रु ३००।०० र रु ५००।०० |
| ४ | व्यवसाय नविकरण | २०० |
| ५ | व्यवसाय दर्ता सिफारीस | २०० |
| ६ | व्यवसाय बन्द सिफारीस | २०० |
| ७ | व्यवसाय सञ्चालन नभएको सिफरीस | २०० |
| ८ | व्यापार व्यवसाय नभएको सिफारीस | २०० |
| ९ | संस्था दर्ता सिफारीस पालिका भित्र | २०० |
| १० | संघ संस्था दर्ता सम्बन्धी सिफारिस | ५००।०० |
| | ङ) शिक्षा तथा विद्यालय सम्बन्धी सिफरिस | |
| १ | छात्रवृत्ति सम्बन्धी सिफारिस | निशुल्क |
| २ | निजी विद्यालय दर्ता र स्तर बृद्धि (प्रावि/ निमावी/ मावी वा सो भन्दा माथि) | ७,०००।००, १०,०००।००, १५,०००।०० |
| ३ | विद्यालय ठाउँसारी सिफारिस | १,०००।०० |
| ४ | शिक्षक नियूक्ती अभिलेखीकरण (प्रावि/ निमावी/ मावी वा सो भन्दा माथि) | ५००।००, ७००।००, १०००।०० |
| ५ | मार्कसिट संशोधन | रु २००।०० |
| | च) स्वास्थ्य सम्बन्धी सिफरिस | |
| १ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस शुल्क | नि:शुल्क |
| | छ) विद्युत तथा टेलिफोन जडान सम्बन्धी सिफारिस | |
| १ | विद्युत, खानेपानी सम्बन्धी नामसारी सिफारिस | ३००।०० |
| क) | आर.सी.सी. पक्की घर | ५००।०० |
| ग) | सरकारी कार्यालय / संघ संस्था | निशुल्क |
| ख) | अन्य घर | ३००।०० |

अर्जुन गुरुङ
अध्यक्ष

| ज) धितो मूल्यांकन (बैंक कारोवार) | | |
|---|---|---|
| क) | रु ५ लाख सम्म | ५००।०० |
| ख) | रु १० लाख सम्म | १,०००।०० |
| ग) | रु २० लाख सम्म | २,०००।०० |
| घ) | रु ३० लाख सम्म | ३,०००।०० |
| ङ) | रु ४० लाख सम्म | ४,०००।०० |
| च) | रु ५० लाख सम्म | ५,०००।०० |
| छ) | रु ५० लाख भन्दा माथी | रु.५० लाखभन्दा बढी प्रत्येक १० लाखमा ५००।०० का दरले थप हूदै जाने |
| झ) अन्य दस्तुर | | |
| १ | निवेदन फाराम प्रति पाना | निशुल्क |
| २ | अनुसूची | निशुल्क |
| ३ | साधारण निवेदन दर्ता शूल्क | निशुल्क |
| ४ | कोटेशन फाराम शूल्क | आर्थिक नियमावली अनुसार |
| ५ | टेण्डर फाराम शूल्क | आर्थिक नियमावली अनुसार |
| ६ | निवेदन नक्कल प्रति पाना | निशुल्क |
| ७ | कोर्ट फि मिनाहा सिफारीस | २००।०० |
| ८ | मिलापत्र दस्तुर प्रति पक्ष (पक्ष र विपक्ष) | ५००।०० |
| ९ | कागज/ मञ्जुरीनामा प्रमाणित | २००।०० |
| १० | चौपाया सम्बन्धी सिफरीस | २००।०० |
| ११ | अन्य सिफारिस (योजना भूक्तानीको लागि समेत ) | २००।०० |
| ञ) हैसियत प्रमाणित | | |
| १ | आर्थिक अबस्था बलियो वा सम्पन्नताको प्रमाणित | २००।०० |
| २ | आर्थिक अबस्था कमजोर वा विपन्नताको प्रमाणित | निशुल्क |
| क) ऋण तथा बैदेशिक रोजगारीका लागि | | |
| १. | रु.१० लाख सम्म | १,०००।०० |

अर्जुन गुरुङ
अध्यक्ष

| | | |
|---|---|---|
| २. | रु.२० लाख सम्म | २,०००।०० |
| ३. | रु.३० लाख सम्म | ३,०००।०० |
| ४. | रु.४० लाख सम्म | ४,०००।०० |
| ५. | रु.५० लाख सम्म | ५,०००।०० |
| ६. | रु.५० लाखभन्दा बढी प्रत्येक १० लाखमा | ५००।०० का दरले थप हूँदै जाने |
| ख) अध्ययनको लागि | | |
| १. | रु.२० लाख सम्मको | १,०००।०० |
| २. | रु.३० लाख सम्मको | १,५००।०० |
| ३. | रु.५० लाख सम्मको | २,५००।०० |
| ४. | रु.५० लाखभन्दा बढी प्रत्येक १० लाखमा | २००।०० दरले थप |
| ग) | अंशवण्डा र दानवकसमा | २००।०० |
| घ) | गाउपालिकाले तत्काल धितो मूल्यांकन गरेको सिफारिसको पुन: नवीकरण गर्नूपर्दा जुन प्रयोजनका लागि गरिएको हो सोका लागि लाग्ने दस्तुरको १० प्रतिशत राजश्व लिइनेछ । | |

चार किल्ला सिफारिस / घरबाटोको सिफारिस

| क.सं. | जग्गाको क्षेत्रफल | जग्गाको विवरण | |
|---|---|---|---|
| | | बाटो भएको | बाटो नभएको |
| १. | १ रोपनी सम्म | ५०० | २०० |
| २. | १ देखि १० रोपनी सम्म | ७५०।० | ३००।० |
| ३. | १० रोपनी भन्दा माथि | १,०००।० | ५००।० |

पशुसेवा तथा कृषिविकास सम्बन्धी

| क.स. | विवरण |
|---|---|
| १ | बोका खसी पारेको प्रति बोका रु १०।०० |
| २ | गोरु खसी पारेको प्रति गोरु रु २५।०० |
| ३ | कुकुर उपचार प्रति कुकुर रु २५।०० |
| ४ | कृतिम गर्भाधान प्रति पशु रु २५।०० |
| ५ | साधारण उपचार प्रति पशु रु १०।०० |

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

| | |
|---|---|
| | अनुदान तर्फको निवेदन शुल्क (पशुसेवा, कृषि विकास तथा गा.पा. ले प्रदान गर्ने जुनसुकै अनुदान तर्फ वडाले पालिकामा गर्ने मात्र ) |
| १ | रु १०,०००।०० सम्म अनुदान पाउनेमा रु २५।०० |
| २ | रु २०,०००।०० सम्म अनुदान पाउनेमा रु ५०।०० |
| ३ | रु ५०,०००।०० सम्म अनुदान पाउनेमा रु १००।०० |
| ४ | रु १ लाख सम्म अनुदान पाउनेमा रु १५०।०० |
| ५ | रु २ लाख सम्म अनुदान पाउनेमा रु २००।०० |
| ६ | अनुदान तर्फको निवेदन शुल्क (पशुसेवा, कृषि विकास तथा गा.पा. बाहेक अन्य निकायले प्रदान गर्ने जुनसुकै अनुदान रु २००।०० |

## अनुसूची-८

प्राकृतिक स्रोत ( ढुङ्गा, वालुवा, गिटी ) सम्वन्धी शुल्क :

मर्स्याङदी गाउँपालिकामा अनुसूची (८) मा उल्लेखित प्राकृतिक स्रोत ( ढुङ्गा, वालुवा, गिटी ) को गाउँपालिकाले ठेक्काको माध्यमबाट नियमानुसारले लगाउने शुल्क तथा गाउँसभा र गाउँकार्यपालिकाले तोके अनुसारको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

## अनुसुची-९

सरकारी सम्पत्ती बहाल कर : गाउँपालिकाले ट्राक्टर, व्याकुलोडर लगायतका मेसिनरी सामानहरु

| क.स | नाम | व्यक्तिगत /उपभोक्ता समितिको लागि (रु) | कै. |
|---|---|---|---|
| १ | व्याकुलोडर प्रयोग बापत प्राप्त हुने राजश्व दर (प्रति घण्टा) भ्याट सहित | २,५००।- | |
| २ | ट्राक्टर प्रयोग बापत प्राप्त हुने राजश्व दर( प्रति दिन) | ७,०००।- | |
| ३ | एक्साबेटर बकेट भ्याट सहित | ५,५००।- | |
| | एक्साबेटर ब्रेकर भ्याट सहित | ६,५००।- | |

## अनुसुची-१०

संघ संस्था दर्ता तथा नविकरण सम्वन्धी दरहरु

| क.स. | नाम | दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|---|
| १ | सेवा मुलक | १०००।०० | ५००।०० |
| २ | गैर नाफामुलक | ३०००।०० | १०००।०० |
| ३ | नाफा मुलक | ५०००।०० | २०००।०० |
| ४ | होमस्टे (व्याक्ति) | १०००।०० | ५००।०० |
| ५ | होमस्टे (समुह ) | १०,०००।०० | २,०००।०० |

नोट: विलम्व शुल्क पहिलो वर्ष नविकरण शुल्कको १० प्रतिशत र दोस्रो वर्ष देखि नविकरण शुल्कको ५० प्रतिशत लाग्ने छ ।

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

अनुसूची-११

## साना सवारी साधन शुल्क तथा नविकरण सम्वन्धी दरहरु

"**मर्स्याङ्दी** गाउँपालिकाको हलुका सवारी साधन (तिन पांग्रे, चार पांग्रे) सञ्चालन तथा नियमन सम्बन्धी निर्देशिका, २०८०"वमोजिम **रिक्सा,ई-रिक्सा, अटो रिक्सा, ट्याम्पु ,म्याजिक ,ट्याम्पु(साना चार पांग्रे), ट्याक्सी यातायात, व्यवसायी समितिहरु रुट इजाजत दस्तुर ,दर्ता व्यवसायिक कर , विलम्व शुल्क तथा नविकरण सम्वन्धी दरहरु**

| क्र.स. | नाम | रुट इजाजत दर्ता शुल्क | नविकरण शुल्क | व्यवसायिक कर | कै. |
|---|---|---|---|---|---|
| १ | रिक्सा | ५००।- | २५०।०० | ५००।०० | |
| २ | ई-रिक्सा | १०००।- | ५००।०० | ५००।०० | |
| ३ | अटो रिक्सा | २०००।- | १०००।०० | ५००।०० | |
| ४ | ट्याम्पु | ३०००।- | १५००।०० | ५००।०० | |
| ५ | म्याजिक ट्याम्पु (साना चार पांग्रे) | ५०००।- | २५००।०० | ५००।०० | |
| ६ | ट्याक्सी | ६०००।- | ३०००।०० | ५००।०० | |
| ७ | यातायात व्यवसायी समिति | ७०००।- | ३५००।०० | ५००।०० | |

**नोट : विलम्व शुल्क पहिलो वर्ष नविकरणको शुल्कको १० प्रतिशत र दोस्रो वर्ष देखी नविकरणको शुल्कको ५० प्रतिशत लाग्ने छ ।**

अनुसुची-१२

## घरहरुको नक्सा पास तथा प्रमाणिकरणको लागि दरहरु

मर्स्याङ्दी गाउँपालिका भित्रका बन्दै गरेका घरहरुको नक्सा पास तथा प्रमाणिकरणको लागि दरहरु

| | ८ मिटर भन्दा बढी चौडाईको मोटरबाटो भएको | करको दर (प्रति वर्गफिट) | | | |
|---|---|---|---|---|---|
| | | क | ख | ग | |
| १ | RCC FRAME STRUCTURES | | | | |
| २ | UNDERGROUND | ६।०० | ५।०० | ४।०० | |
| ३ | GROUND FLOOR | ७।०० | ६।०० | ५।०० | |
| ४ | FIRST FLOOR | ८।०० | ७।०० | ६।०० | |
| ५ | SECOND FLOOR | ९।०० | ८।०० | ७।०० | |
| ६ | THIRD AND ABOVE | १०।०० | ९।०० | ८।०० | |

अर्जुन गुरुङ
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | **६ देखि ७ मिटर भन्दा बढी चौडाईको मोटरबाटो भएको** | | | | |
| १ | RCC FRAME STRUCTURES | | | | |
| २ | UNDERGROUND | ५१०० | ४१०० | ३१०० | |
| ३ | GROUND FLOOR | ६१०० | | ४१०० | |
| ४ | FIRST FLOOR | ७१०० | ६१०० | ५१०० | |
| ५ | SECOND FLOOR | ८१०० | ७१०० | ६१०० | |
| ६ | THIRD AND ABOVE | ९१०० | ८१०० | ७१०० | |
| | **५ मिटर भन्दा कम चौडाईको मोटरबाटो भएको** | | | | |
| | RCC FRAME STRUCTURES | | | | |
| १ | UNDERGROUND | ४१०० | ३१०० | २१०० | |
| २ | GROUND FLOOR | ५१०० | ४१०० | ३१०० | |
| ३ | FIRST FLOOR | ६१०० | ५१०० | ४१०० | |
| ४ | SECOND FLOOR | ७१०० | ६१०० | ५१०० | |
| ५ | THIRD AND ABOVE | ८१०० | ७१०० | ६१०० | |

नोट : ख र ग भन्नाले गा पा भित्रको कमशः पिच ग्रावेल र कच्ची सडकको दाँया बाँयाको क्षेत्र भन्ने बुझिन्छ ।

अर्जुन गुरुङ
अध्यक्ष

निर्णय नं.३ आ.व. २०८०/८१ को विनियोजन विधेयक (वजेट वक्तव्य २०८०/८१ ) गाउँसभामा पेश गर्ने सम्वन्धमा ।

मर्स्याङदी गाउँपालिकाका गाउँकार्यपालिकामा पेश भएको आगामी आर्थिक वर्ष २०८०/८१ को तपशिल वमोजिमको विनियोजन विधेयक (वजेट वक्तव्य २०८०/८१ )कार्यपालिकाका सदस्यहरु वीच व्यापक छलफल भई सर्वसहमतिले पारित गर्ने र गाउँसभामा पेश गर्ने निर्णय गरीयो ।

मर्स्याङ्दी गाउँपालिकाको आर्थिक वर्ष २०८०-८१ को
बजेट वक्तव्य

**सभाका अध्यक्ष ज्यू,**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ७१ बमोजिम मर्स्याङ्दी गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय गाउँसभामा आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रस्तुत बजेटलाई उत्पादन, उत्पादकत्व र उच्च आर्थिक वृद्धि, सामाजिक न्याय र मर्स्याङ्दी गाउँबासीको समृद्धिको संवाहकको रुपमा प्रस्तुत गरेको छु ।

सर्वप्रथम लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि शाहदत प्राप्त गर्नुहुने सबै अमर शहिदहरुलाई स्मरण गर्दै, उहाँहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । यो परिवर्तनको आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने अग्रज नेताहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संवैधानिक संकल्पलाई पुरा गर्न निरपेक्ष गरिबीको मारमा परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदाय सहितका आम नागरिकको विकासको चाहनालाई संबोधन गरी आर्थिक समानता र सामाजिक न्याय सुनिश्चित गर्ने कार्यलाई बजेटमा प्राथमिकतामा राखेको छु।

आर्थिक वर्ष २०८०/८१ को मर्स्याङ्दी गाउँपालिकाको बजेट तर्जुमा गर्दा नेपालको संविधान, सङ्घीय सरकारको ऐन, नियम, कानून र कार्यविधि, पन्ध्रौं पञ्चवर्षीय योजना, दीगो विकासका लक्ष्यहरु, मध्यकालीन खर्च संरचना, गण्डकी प्रदेश सरकारको ऐन, नियम, कानून र प्रथम पञ्चवर्षीय योजना, गाउँपालिकाको ऐन,नियम ,नीति तथा कार्यक्रम सभाका सदस्यहरुबाट प्राप्त सुझावहरुलाई आधार मानेको छु ।यस गाउँपालिकाको बजेट तर्जुमा गर्दा सङ्घीय सरकार, गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेटलाई आधार लिएको छु। यो बजेट तर्जुमा गर्दा विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट प्राप्त सुझावलाई समेत समावेश गरेको छु ।

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

अध्यक्ष महोदय,

अब म बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

❖ आ.व .२०८०/८१ को बजेटका उद्देश्यहरु निम्न छन् :

- सामाजिक र आर्थिक रुपान्तरण गरी समृद्ध मर्स्याङ्दी गाउँपालिका निर्माण गर्ने,
- सार्वजनिक खर्चमा पारदर्शिता, मितव्ययिता, जवाफदेहिता र उत्तरदायित्व पालना गर्ने गराउने,
- बाढी पहिरोबाट उत्पन्न प्राकृतिक विपत्तीबाट मानव जीवनमा आइपरेका समस्याहरुको समाधान गर्ने,
- कृषिजन्य वस्तुको उत्पादन, उत्पादकत्व वृद्धि गर्ने,
- उपलब्ध प्राकृतिक स्रोतसाधन-, श्रमशक्ति, पूँजी र प्रविधिको एकीकृत परिचालनबाट रोजगारी सृजना र गरिबी निवारण गर्ने,
- चुस्त, दुरुस्त, सर्वसुलभ र प्रभावकारी सार्वजनिक सेवा प्रवाह गर्ने,
- गुणस्तरीय भौतिक पूर्वाधार निर्माण, आर्थिक र सामाजिक क्षेत्रको विकास गर्ने,
- आर्थिक अनुशासन तथा वित्तीय सुशासन कायम गर्ने ।

❖ आ.व .२०८०/८१ को बजेटका प्राथमिकताहरु देहाय बमोजिम रहेका छन् :

- कृषि तथा पुशपंछी क्षेत्रको व्यवसायिकरण, आधुनिकिरण, सामुहिकिकरण र बजारीकरण,
- नीजि क्षेत्र समेतको सहभागितामा पर्यटकीय गन्तव्यको पहिचान, संरक्षण र प्रवर्द्धन तथा पर्यटकीय पूर्वाधार विकास,
- वन जैविक विविधता तथा जलाधारको संरक्षण र प्राकृतिक स्रोतसाधनको दीगो व्यवस्थापन र सदुपयोग,
- स्थानीय श्रम, सीप, पूँजी र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग, पेशा, व्यवसायको जगेर्ना र प्रवर्द्धन मार्फत रोजगारी र स्वरोजगारको अवसर सृजना र गरिबी निवारण,
- गुणस्तरीय शिक्षा र स्वास्थ्य, खेलकुद, भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, प्रवर्द्धन र विकास,
- आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक रुपमा पछि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायको सशक्तिकरण मार्फत सन्तुलित, समन्याय, समावेशी एवम् समानुपातिक विकास,
- गुणस्तरीय सार्वजनिक सेवामा सहज पहुँच, भ्रष्टाचार निवारण र सुशासन अभिवृद्धि ।

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

अध्यक्ष महोदय,

अब म चालु आर्थिक वर्ष २०७९/८० सम्मको मर्स्याङ्दी गाउँपालिकाको तर्फबाट सम्पादित महत्त्वपूर्ण कामहरुको सङक्षिप्त विवरण र आगामी वर्षको प्रक्षेपण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

मर्स्याङ्दी गाउँपालिकाको विगत ५ वर्षको वित्तीय प्रगतिको समिक्षा गर्दा आ.व. २०७४/०७५ मा ८५.९ प्रतिशत, आ.व.२०७५/०७६ मा ८६.९० प्रतिशत, आ.व. २०७६/७७ मा ८३.९५ प्रतिशत, आ.व.२०७७/०७८ मा ८४.७१ प्रतिशत, आ.व. २०७८/७९ मा ८८.६३ प्रतिशत, आ.व.२०७९/८० को असार असार ९ गते सम्मको चालु तर्फ ८२.९८ प्रतिशत र पुँजीगत तर्फ ५१.४ प्रतिशत गरी जम्मा ७१.७८ प्रतिशत भएको छ र असार मसान्त सम्म ८६ प्रतिशत हुने अनुमान र आगामी आर्थिक वर्ष २०८०/८१ मा ८९ प्रतिशत वित्तीय प्रगति हुने लक्ष्य लिएको छु।

चालु आ.व.को योजना विवरणमा जम्मा ३०८ वटा योजनाहरु रहेकोमा २६२ योजनाहरुको सम्झौता भई केही कार्यसम्पन्न पश्चात भुक्तानी भइसकेको छ भने केही योजनाहरु भुक्तानीको प्रक्रियामा रहेका छन् साथै ४० वटा खरिदका योजना रहेका छन् तथा सम्झौता नभएका योजना संख्या ४ रहेका छन्।

अध्यक्ष महोदय,

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को आय व्ययको विवरण प्रस्तुत गर्न गइरहेको छु । मर्स्याङ्दी गाँउपालिकाले प्रस्तावित नीति कार्यक्रम तथा बजेटं तर्जुमा गर्दा मूलतः नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र प्रदेश तथा स्थानीय सरकारका विद्यमान ऐन, कानूनहरु, आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, अर्थ मन्त्रालयल र सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास समेतलाई आधार मानी गाउँकार्यपालिकाको मिति २०८०/०३/०८ गते बसेको बैठकले स्वीकृत गरी यस गरीमामय गाउँसभामा आगामी आ.व. २०८०/८१ को बजेट प्रस्तुत गरेको छु । आ.व. २०८०/८१ मा यस गाउँपालिकामा नेपाल सरकारको वित्तीय समानीकरण अनुदान रु ८ करोड ३६ लाख ।- प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान रु १ करोड ४ लाख ७५ हजार, नेपाल सरकारको राजश्व बाँडफाँडबाट ९ करोड ९९ लाख २९ हजार। प्रदेश

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

सरकारको राजश्व बाँडफाँडबाट ८७ लाख ७५ हजार , आन्तरिक राजस्व तर्फ १ करोड , सशर्त अनुदान सङ्घीय सरकारतर्फ रु २४ करोड ८९ लाख, सङ्घ सरकारको विशेष अनुदान तर्फ ८० लाख, सङ्घ सरकारको समपूरक अनुदान तर्फ ५० लाख ,प्रदेश सरकार विशेष अनुदान वापत रु ६० लाख र समपूरक अनुदान ५० लाख , जलविद्युत रोयल्टी वापत रु ३ करोड २९ लाख , पर्वतारोहण वापत प्राप्त रोयल्टी रु ३ लाख, वन पैदावर रोयल्टी रु १ लाख २० हजार ३ सय , गरीबसँग विशेश्वर कार्यक्रम तर्फ रु ४ लाख ६५ हजार र प्रदेश तथा स्थानीय क्षमता विकास कार्यक्रम रु. ३ लाख ८० हजार ९ सय ४२ र अघिल्लो वर्षको अनुमानित नगद मौज्दात रु ५९ लाख गरी कुल आय ५२ करोड ५८ लाख ४५ हजार ९ सय ४२ को अनुमानित आय यस गरिमामय सभा समक्ष पेश गरेको छु ।

**अध्यक्ष महोदय,**

अब म आ.व. २०८०/८१ को व्यय अनुमान प्रस्तुत गर्न चाहन्छु ।

चालु खर्च तर्फबाट ७ करोड ४१ लाख । पूँजीगत खर्चतर्फ १८ करोड १० लाख । सशर्ततर्फ २४ करोड ८९ लाख । गरीबसँग विश्वेश्वर कार्यक्रम तर्फ रु ४ लाख ६५ हजार । प्रदेश र स्थानीय तह क्षमता विकास कार्यक्रम तर्फ रु ३ लाख ८० हजार ९ सय ४२, समपूरक कोष तर्फ रु २ करोड गरी जम्मा कुल खर्च ५२ करोड ४८ लाख ४५ हजार ९ सय ४२ को अनुमानित खर्च यस गरीममय सभा समक्ष पेश गर्दछु।

जस मध्ये नीति तथा कार्यक्रमको आधारमा निम्न कार्यक्रमहरुलाई प्राथमिकतामा राखी बजेटमा विनियोजन गरेको छु । वडागत रुपमा गाउँ-बस्तीको योजनाहरुलाई सम्बोधन गर्ने गरी वडा समितिले छनौट गर्न पाउने गरी योजना कार्यान्वयन गराउन वडागत रुपमा जनसङ्ख्या, भौगोलिक क्षेत्रफल, राजश्व संकलन लमसपलाई आधार मानी ९ वटा वडाहरुलाई रु. ६ करोड बजेट व्यवस्था मिलाएको छु । वडागत योजनाहरुको विवरण अनुसूचीमा उल्लेख गरीएको छ ।

१) कृषि, पशुपन्छी तथा जडीबुटी क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि कृषि क्षेत्रको विविधीकरण र व्यवसायीकरण, आधुनिकीकरण र बजारीकरण विकासमा जोड दिई कृषि तथा पशुपन्छी विकास शाखा मार्फत कार्यान्वयन गर्ने गरी रु. २ करोड २५ लाख बजेट विनियोजन गरेको छु ।

२) सीप विकास तथा क्षमता विकास तालिमका लागि रु२ .० लाख बजेट विनियोजन गरेको छु ।

३) शिक्षाको विकासको लागि शिक्षा तर्फ रु .२ करोड बजेट विनियोजित गरेको छु ।

४) विपन्न, दलित आदिवासी जनजाती बालबालिकाहरुकालाई प्राविधिक ,तथा उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्न रु .५ लाख बजेट विनियोजित गरेको छु ।

अर्जुन गुरुङ
अध्यक्ष

CS CamScanner

५) स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा सञ्चालन र व्यवस्थापन गर्न स्वास्थ्य क्षेत्रमा रु .१ करोड बजेट विनियोजन गरेको छु ।

६) समाजमा योगदान गर्दै उमेरका कारण भौतिक रुपमा कमजोर भएका जेष्ठ नागरिकहरुको सम्मान तथा ६० देखि ६७ वर्ष सम्मका एकल पुरुषलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गर्नका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

७) वर्षातको समयमा पानीका कारण सडकहरु बिग्रिन गई मोटरबाटो बन्द हुन नदिन सडक मर्मत सम्भार गर्नका लागि रु. ३० लाख बजेट विनियोजन गरेको छु ।

८) शारीरिक रुपमा अपाङ्गता भएका व्यक्तिहरुका लागि आय आर्जन-गरी जीविकोपार्जन गराउने तथा ग वर्गका अपाङ्गगता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन रु १० लाख बजेट बजेट विनियोजन गरेको छु ।

९) सफा मर्स्याङ्दी गाउँपालिका अभियानलाई निरन्तरता दिँदै फोहोरमैला व्यवस्थापनको लागि रु .५ लाख बजेट विनियोजन गरेको छु ।

१०) परम्परागत प्राचीन मौलिक संस्कार संस्कृतिको संरक्षण, जगेर्ना, विकास र प्रवर्द्धनमा जोड दिई विभिन्न धार्मिक, सांस्कृतिक, साहित्यिक, महोत्सव तथा दिवसका लागि रु .१० लाख बजेट विनियोजन गरेको छु।

११) विभिन्न प्राकृतिक प्रकोप, आगलागी तथा मानवीय विपत्ती र महामारी जस्ता विपद् व्यवस्थापनका लागि रु .३० लाख बजेट विनियोजन गरेको छु ।

१२) खेलकुदको विकास गराउने उद्देश्यले वडा स्तरीय र विद्यालय स्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि रु .१२ लाख बजेटको व्यवस्था गरेको छु ।

१३) चोरी शिकार नियन्त्रण र वन पैदावर संरक्षण, प्रवर्द्धन र व्यवसायीकरण गर्नका लागि रु . १० लाख बजेट विनियोजन गरेको छु ।

१४) सङ्घ तथा प्रदेश सरकारको साझेदारीमा गाउँपालिकाको प्रशासकीय भवन निर्माणको कार्यलाई अगाडी बढाउन रु १ करोड २० लाख विनियोजन गरेको छु ।

१५) मर्स्याङ्दी गाउँपालिकाको वडा नं .३ र ४ को सडक पूर्वाधारको स्तरोन्नति गर्न सङ्घ सरकारसँग समपूरक कोषको रु .५० लाख र गाउँपालिका समपूरक कोषबाट रु .५० लाख खुदी- सिउरुङ-स्याङ्गे सडकको स्तरोन्नति र विस्तारका लागि रु .१ करोड बजेट विनियोजन गरेको छु।

१६) शहिद तथा वेपत्ता स्मृति अध्ययन केन्द्रद्धारा स्थापना गरीएको शहिद तथा बेपत्ता स्मृति अध्ययन केन्द्र, सार्वजनिक पुस्तकालय, खुदीका लागि रु .३ लाख बजेट विनियोजन गरेको छु ।

१७) परम्परागत कृषि औजार निर्माण गर्ने आरनहरुलाई आधुनिक र गुणस्तरीय कृषि औजारहरु निर्माण गर्न आरन सुधार कार्यक्रमको लागि रु .३ लाख बजेट विनियोजन गरेको छु ।

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

१८) सशक्तिकरण कार्यक्रममा रु ५ लाख, असक्त, असहाय विपन्न कोषमा रु १० लाख, सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण गर्न रु २ लाख बजेट विनियोजन गरेको छु।

१९) ग्रामीण तालिम केन्द्रको जग्गा खरिद गर्नका लागि रु २० लाख बजेट विनियोजन गरेको छु ।

२०) नयाँ सडक निर्माण र स्तरोन्नतीको कामलाई तिव्रता दिन र वर्षातको समयमा हुने पहिरोका कारण अवरुद्ध सडकलाई नियमित सुचारु गर्न आफ्नै एक्साभेटर खरिद गर्न रु १ करोड २० लाख विनियोजन गरेको छु ।

२१) वडागत विशेष योजनाहरुलाई संबोधन गर्न रु ९० लाख र साना योजनाहरुको लागि रु ५० लाख विनयोजन गरेको छु ।

२२) विपद् बाट क्षति पुग्ने खानेपानी र सिँचाईको तत्काल व्यवस्था गर्न आवश्यक पाइप खरिदको लागि रु १० लाख विनियोजन गरेको छु ।

**आय/व्यय र कार्यक्रमको योजनाको शीर्षक तथा बजेट अनुसूचीहरुमा प्रस्तुत गरेको छु ।**

अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडासदस्य ज्यूहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षकहरु, निजी क्षेत्र, पत्रकार, सम्पूर्ण पालिकाबासीहरुबाट प्राप्त सुझाव, सल्लाह र सहयोगप्रति हार्दिक अभार व्यक्त गर्दछु ।

**"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधार, कला संस्कृतिको संरक्षण कृषि, पर्यटन, उर्जा र पूर्वाधार"** को नारालाई साकार पार्नका निम्ति मर्स्याङ्दी गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउनुहुने मर्स्याङ्दी गाउँपालिकाको जनसमूदाय कर प्रदायकहरु, विकासका साझेदार सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचारमाध्यमहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको निरन्तर सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद !

जुना माया थापा
उपाध्यक्ष
मर्स्याङ्दी गाउँपालिका, लमजुङ ।

अर्जुन गुरुङ
अध्यक्ष

मर्स्याङ्दी गाउँपालिका
गाउँपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल

CamScanner

## आय व्ययको विवरण ( आ.व. २०८०/०८१ )

| क्र.सं. | शीर्षक | आ.व. २०८०/०८१ को अनुमान | कैफियत |
|---|---|---|---|
| **आय:** | | | |
| १ | आन्तरिक राजश्व | १०,०००,०००.०० | |
| २ | राजस्व बाँडफाँडबाट प्राप्त रकम (केन्द्र सरकारबाट प्राप्त ) | ९९,९२९,७००.०० | |
| ३ | राजस्व बाँडफाँडबाट प्राप्त रकम (प्रदेश सरकारबाट प्राप्त, सवारी साधन कर) | ८,७७५,०००.०० | |
| ४ | अघिल्लो आ.व.को नगद मौज्दात | ५,०००,०००.०० | अनुमानित |
| ५ | नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान | ८३,६००,०००.०० | |
| ६ | प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान | १०,४७५,०००.०० | |
| ७ | पर्वतारोहण रायल्टी | ३००,०००.०० | |
| ८ | जलविद्युत रोयल्टी | ३२,९००,०००.०० | |
| ९ | वन रोयल्टी | १२०,३००.०० | |
| १० | संघ विशेष अनुदान | ८,०००,०००.०० | मर्स्याङ्दी नदी तटबन्द |
| ११ | प्रदेश विशेष अनुदान | ६,०००,०००.०० | |
| १२ | संघ समपुरक अनुदान | ५,०००,०००.०० | खुदी - गिउरुङ - स्याङे सडक |
| १३ | प्रदेश समपुरक अनुदान | ५,०००,०००.०० | |
| | **जम्मा** | २७५,१००,०००.०० | |
| १४ | सशर्त अनुदान | २३२,९००,०००.०० | |
| १५ | सशर्त अनुदान पूँजीगत | १६,०००,०००.०० | |
| १६ | गरिव सँग विशेश्वर कार्यक्रम | ४६५,०००.०० | |
| १७ | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ३८०,९४२.०० | |
| | **जम्मा** | २४९७४५९४२.०० | |
| | **कुल जम्मा आय** | ५२४८४५९४२.०० | |
| **व्यय:** | | | |
| १ | चालु खर्च | ७४,१००,०००.०० | |
| २ | पूजीगत खर्च | १८१,०००,०००.०० | |
| ३ | सशर्त अनुदान | २४८,९००,०००.०० | |
| ४ | गरिव सँग विशेश्वर कार्यक्रम | ४६५,०००.०० | |
| ५ | प्रदेश र स्थानिय तह क्षमता विकास कार्यक्रम | ३८०,९४२.०० | |
| ६ | समपुरक कोष | २०,०००,०००.०० | संघ तथा प्रदेश समपुरक योजन |
| | **कुल जम्मा खर्च** | ५२४,८४५,९४२.०० | |

**सामाजिक सुरक्षामा रु.१३ करोड अनुमान गरिएकोछ ।**

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

| क्र.स. | कार्यक्रम /आयोजनाको नाम | वडा नं. | विनियोजित रु. | कैफियत |
|---|---|---|---|---|
| | **विविध कार्यक्रम खर्च ( २२५२९ )** | | | |
| १ | विभिन्न धार्मिक ,सास्कृतिक, साहित्यिक, महोत्सव, दिवस, गोष्ठि सम्बन्धी खर्च | गा.पा. | १,०००,०००.०० | |
| २ | असक्त,असहाय, बिपन्न सहायता कोष | गा.पा. | १,०००,०००.०० | |
| ३ | वडा स्तरीय र विद्यालय स्तरिय खेलकुद तथा अतिरिक्त क्रियाकलाप | गा.पा. | १,२००,०००.०० | |
| ४ | सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण | गा.पा. | २००,०००.०० | |
| ५ | विपद व्यवस्थापन कोष | गा.पा. | ३,०००,०००.०० | |
| ६ | टोल बिकास संस्था व्यवस्थापन | गा.पा. | ५००,०००.०० | |
| | जम्मा | | ६,९००,०००.०० | |
| | **सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च (२२५१२ )** | | | |
| १ | सशक्तिकरण कार्यक्रम | गा.पा. | ५००,०००.०० | |
| २ | सिपमुलक तथा क्षमता विकास कार्यक्रम | गा.पा. | २,०००,०००.०० | |
| | जम्मा | | २,५००,०००.०० | |
| | **कार्यक्रम खर्च ( २२५२२ )** | | | |
| १ | शिक्षा तर्फ (तलब तथा कार्यक्रम) | गा.पा. | २०,०००,०००.०० | |
| २ | स्वास्थ्य तर्फ | गा.पा. | १०,०००,०००.०० | |
| ३ | पर्यटन प्रवर्द्धन कार्यक्रम | गा.पा. | ५,०००,०००.०० | |
| ४ | जेष्ठ नागरिक सम्मान तथा ६०-६७ वर्ष एकल पुरुष सामाजिक सुरक्षा भत्ता | गा.पा. | १,०००,०००.०० | |
| ५ | अपाङ्ग सम्मान तथा ग वर्गका अपाङ्ग भएका व्यक्तिहरुको सामाजिक सुरक्षा भत्ता | गा.पा. | १,०००,०००.०० | |
| ६ | फोहोरमैला व्यवस्थापन | गा.पा. | ५००,०००.०० | |
| ७ | वन संरक्षण, प्रवर्द्धन र बायो ईन्जिनियरिङ | गा.पा. | १,०००,०००.०० | |
| | जम्मा | | ३८,५००,०००.०० | |
| | **अन्य सार्वजनिक निर्माण (३११५९) श्रोत वित्तीय सा. अनुदान** | | | |
| १ | कृषि, पशु कार्यक्रम | गा.पा. | २२,५००,०००.०० | |
| २ | जटिबुटि विकास तथा प्रशोधन कार्यक्रम | गा.पा. | ५,०००,०००.०० | |
| ३ | सडक सफाई तथा हेरालु | गा.पा. | ३,०००,०००.०० | |
| ४ | गरिव तथा जेहेन्दार विद्यार्थीहरुको लागी प्राविधिक शिक्षा छात्रवृद्धि | गा.पा. | ५००,०००.०० | |
| ५ | शहिद स्मृति अध्ययन केन्द्र, सार्वजनिक पुस्तकालय, खुदी | गा.पा. | ३००,०००.०० | |
| ६ | कार्यालय सँग सम्वन्धित अन्य सार्वजनिक निर्माण | गा.पा. | ५००,०००.०० | |
| ७ | आरान सुधार कार्यक्रम | गा.पा. | ३००,०००.०० | |
| | जम्मा | | ३२,१००,०००.०० | |

अर्जुन गुरुङ
अध्यक्ष



CamScanner

गा.पा. चालु खर्च २०८०/०८१

| क्र.स. | शिर्षक | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | १८,०००,०००.०० | |
| २ | पोशाक | ५००,०००.०० | |
| ३ | स्थानीय भत्ता | ४००,०००.०० | |
| ४ | महङ्गी भत्ता | ९००,०००.०० | |
| ५ | फिल्ड भत्ता | ७००,०००.०० | |
| ६ | अन्य भत्ता | १,१००,०००.०० | |
| ७ | पदाधिकारी सुविधा | १०,१००,०००.०० | |
| ८ | कर्मचारी योगदानमा आधारित निवृतिवरण | ५००,०००.०० | |
| ९ | अन्य सेवा शुल्क | ३००,०००.०० | |
| १० | पानी तथा बिजुली | २००,०००.०० | |
| ११ | सञ्चार | ४००,०००.०० | |
| १२ | इन्धन कार्यालय | २,०००,०००.०० | |
| १३ | इन्धन Tractor, Machine, Exavator | ५,०००,०००.०० | |
| १४ | सवारी साधन मर्मत | २,०००,०००.०० | |
| १५ | विमा नविकरण | ३००,०००.०० | |
| १६ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १,०००,०००.०० | |
| १७ | मसलन्द तथा कार्यालय सामाग्री | २,३००,०००.०० | |
| १८ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन् खर्च | १,५००,०००.०० | |
| १९ | सभा संचालन खर्च | ८००,०००.०० | |
| २० | अन्य कार्यालय संचालन खर्च | ५००,०००.०० | |
| २१ | सेवा र परामर्श खर्च | १,५००,०००.०० | |
| २२ | करार सेवा शुल्क | १४,०००,०००.०० | |
| २३ | कर्मचारी तालिम खर्च | ३००,०००.०० | |
| २४ | अनुगमन, मूल्यांकन खर्च | २,०००,०००.०० | |
| २५ | भ्रमण खर्च | ३००,०००.०० | |
| २६ | विविध खर्च | २,०००,०००.०० | |
| २७ | वडा कार्यालय सञ्चालन खर्च | ३,०००,०००.०० | |
| २८ | घरभाडा | ५००,०००.०० | |
| २९ | सवारी साधन तथा मेशिनर औजार भाडा | १,०००,०००.०० | |
| ३० | मेशिनरी औजार | १,०००,०००.०० | |
| | जम्मा | ७४,१००,०००.०० | |

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

अन्य योजनाहरु :

| क.स. | कार्यक्रम / आयोजनाको नाम | वडा नं. | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | प्रशासकीय भवन निर्माण | गा.पा. | १२,०००,०००.०० | साझेदारी |
| २ | ग्रामीण तालिम केन्द्रको जग्गा खरिद | गा.पा. | २,०००,०००.०० | |
| ३ | मेसिन खरिद (स्क्याभेटर) | गा.पा. | १२,०००,०००.०० | |
| ४ | वडागत विशेष योजनाहरु | गा.पा. | ९,०००,०००.०० | |
| ५ | साना योजनाहरु | गा.पा. | ५,०००,०००.०० | |
| ६ | खानेपानी तथा सिँचाइको पाईप खरिद | गा.पा. | १,०००,०००.०० | |
| | जम्मा | | ४१,०००,०००.०० | |

अर्जुन पुलक

अध्यक्ष

CamScanner

| सम्पूर्ण वडागत योजनाहरु | | | | |
|---|---|---|---|---|
| क.स. | कार्यक्रम / आयोजनाको नाम | वडा नं. | विनियोजित रकम रु | कैफियत |
| १ | नार्यु फेजो गेने सडक | १ | ७००,०००.०० | |
| २ | काफलडाँडा बगुम सडक | १ | ४००,०००.०० | |
| ३ | घनपोखरा खेलमैदान निर्माण | १ | ५००,०००.०० | |
| ४ | वडा कार्यालय भवन स्तरोन्नती | १ | ३००,०००.०० | |
| ५ | ग्राम कल्याण मा.वि. भान्छाघर र क्याबिन | १ | २००,०००.०० | |
| ६ | जनप्रिय प्रा.वि. शौचालय | १ | २००,०००.०० | |
| ७ | अन्नपूर्ण प्रा.वि. कम्प्युटर खरिद | १ | ६०,०००.०० | |
| ८ | घनपोखरा स्वास्थ्य चौकी | १ | १००,०००.०० | |
| ९ | यूवा विकास कार्यक्रम | १ | १५०,०००.०० | |
| १० | महिला विकास कार्यक्रम | १ | १००,०००.०० | |
| ११ | विपद व्यवस्थापन | १ | १००,०००.०० | |
| १२ | अन्नपूर्ण आमा समुह भवन | १ | २००,०००.०० | |
| १३ | फैदु–मुर्चु–मोटार– खा.पा. योजना | १ | ९०,०००.०० | |
| १४ | नार्यु खानेपानी मर्मत | १ | १००,०००.०० | |
| १५ | गुम्बादेखि घनपोखरा सडक स्तरोन्नती | १ | २००,०००.०० | |
| १६ | नार्यु छेलो क्युर्मु संरक्षण | १ | १००,०००.०० | |
| १७ | वाल्कु सेल्को खानेपानी योजना | १ | २००,०००.०० | |
| १८ | सयपत्री आमा समुह भवन निर्माण | १ | १००,०००.०० | |
| १९ | अमृत सामुदायिक भवन | २ | ३००,०००.०० | |
| २० | अमृत प्रा.वि. प्रवेशद्वार निर्माण | २ | १००,०००.०० | |
| २१ | कर्मदा जनजागृती सामुदायिक भवन घोप्टे | २ | ६५०,०००.०० | |
| २२ | पैयुखोला सिँचाई निर्माण | २ | ४००,०००.०० | |
| २३ | पैयुखोला अरुखर्क मोटरबाटो | २ | ३००,०००.०० | |
| २४ | मैगु कोल्मा गोरेटोबाटो | २ | ३००,०००.०० | |
| २५ | मोर्डी सामुदायिक भवन | २ | ३००,०००.०० | |
| २६ | कालीमाटी भृचे मोर्डी गोरेटोबाटो | २ | ३५०,०००.०० | |
| २७ | पाचमुरे मोर्डी गोरेटोबाटो | २ | २००,०००.०० | |
| २८ | शान्ति ज्योति आमा समुह भवन | २ | ४००,०००.०० | |
| २९ | आनन्द देवि प्रा.वि तारबार | २ | ३००,०००.०० | |
| ३० | मार्जा सामुदायिक भवन | २ | ४००,०००.०० | |
| ३१ | सोलार खरिद | २ | २००,०००.०० | |
| ३२ | कत्ले सामुदायिक भवन निर्माण | २ | ३००,०००.०० | |
| ३३ | कोइम्ग्रो धिं चर्पि निर्माण | २ | ३००,०००.०० | |
| ३४ | स्वास्थ्य कार्यक्रम वडा नम्वर २ | २ | १५०,०००.०० | |
| ३५ | महिला दलित सशक्तिकरण कार्यक्रम | २ | १५०,०००.०० | |
| ३६ | युवा क्लव सहयोग कार्यक्रम | २ | १००,०००.०० | |

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

| सम्पूर्ण वडागत योजनाहरु | | | | |
|---|---|---|---|---|
| क.स. | कार्यक्रम / आयोजनाको नाम | वडा नं. | विनियोजित रकम रु | कैफियत |
| ३७ | बिपद् व्यवस्थापन कार्यक्रम | २ | १५०,०००.०० | |
| ३८ | असहाय, अपाङ्गता गरिब विपन्न सहयोग कार्यक्रम | २ | १५०,०००.०० | |
| ३९ | भाचे आन्तरिक गोरेटोबाटो | २ | २००,०००.०० | |
| ४० | कोइम्ली पि निर्माण | ३ | ४००,०००.०० | |
| ४१ | मनास्लु मन्दिराधर स्तरोन्नती | ३ | २००,०००.०० | |
| ४२ | कार्थे आमा समूह भवन स्तरोन्नती | ३ | २००,०००.०० | |
| ४३ | ज्यामिरे गोरेटोबाटो र चौतारी निर्माण | ३ | २००,०००.०० | |
| ४४ | बुद्धबजार खेलमैदान | ३ | ५००,०००.०० | |
| ४५ | सातविसे मोटर बाटो | ३ | ३००,०००.०० | |
| ४६ | नरदेवी आमा समुह भवन | ३ | ३००,०००.०० | |
| ४७ | थाकन डिगीफाँट सिन्चाई | ३ | ५००,०००.०० | |
| ४८ | थाकन आन्तरीक गोरेटोबाटो | ३ | २००,०००.०० | |
| ४९ | धनेश्वर सामुदायिक भवन | ३ | ४००,०००.०० | |
| ५० | छविसे बाल उद्यान | ३ | ३००,०००.०० | |
| ५१ | अर्खले खानेपानी | ३ | २००,०००.०० | |
| ५२ | सिम्ले फाँट सिन्चाई | ३ | ३००,०००.०० | |
| ५३ | सिउरुङ स्वास्थ्य इकाई भवन | ३ | ४००,०००.०० | |
| ५४ | सिउरुङ नाली व्यवस्थापन | ३ | ३००,०००.०० | |
| ५५ | खुदीबजार भल नियन्त्रण | ३ | ३००,०००.०० | |
| ५६ | मिलन चोक हुलाक घर बाटो | ३ | ५००,०००.०० | |
| ५७ | रावा सिस्नेरी खानेपानी | ३ | १००,०००.०० | |
| ५८ | नताम्रो सामुदायिक भवन | ३ | १५०,०००.०० | |
| ५९ | टारीकुना सामुदायिक भवन | ३ | ३००,०००.०० | |
| ६० | पल्लोटारी मोटरबाटो | ३ | ३००,०००.०० | |
| ६१ | धनेश्वर सत्र | ३ | २५०,०००.०० | |
| ६२ | जिम्दो खानेपानी | ३ | २००,०००.०० | |
| ६३ | भोर्ले चौतारा टोपु मोटरबाटो | ३ | ३००,०००.०० | |
| ६४ | स्वास्थ्य प्रवद्र्धन कार्यक्रम | ३ | २५०,०००.०० | |
| ६५ | विपद व्यवस्थापन | ३ | १००,०००.०० | |
| ६६ | युवा सञ्चाल कार्यक्रम | ३ | २००,०००.०० | |
| ६७ | जेष्ठ नागरिक र अपाङ्ग सञ्चाल कार्यक्रम | ३ | १५०,०००.०० | |
| ६८ | विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप | ३ | ३००,०००.०० | |
| ६९ | विद्यालय भौतिक पूर्वाधार तथा व्यवस्थापन | ३ | ५००,०००.०० | |
| ७० | भुलभुले नर्सरी व्यवस्थापन | ३ | १००,०००.०० | |
| ७१ | कोप्रु धर्मशाला | ३ | १००,०००.०० | |
| ७२ | शहिद सुकमान स्मृति पार्क | ३ | ५००,०००.०० | |
| ७३ | श्रृजनशील लघुउद्यम समुह सहयोग | ४ | ५०,०००.०० | |
| ७४ | दलित आय आर्जन कार्यक्रम | ४ | १००,०००.०० | |

अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| सम्पूर्ण वडागत योजनाहरु | | | | |
| क.स. | कार्यक्रम / आयोजनाको नाम | वडा नं. | विनियोजित रकम रु | कैफियत |
| ७५ | शैक्षिक सुधार कार्यक्रम | ४ | ३००,०००.०० | |
| ७६ | जनतासँग स्वास्थ्य कार्यक्रम | ४ | १००,०००.०० | |
| ७७ | विपद् व्यवस्थापन कोष | ४ | १००,०००.०० | |
| ७८ | बृद्धसँग वडा अध्यक्ष कार्यक्रम | ४ | ५०,०००.०० | |
| ७९ | अपाङ्ग आयमुलक कार्यक्रम | ४ | ५०,०००.०० | |
| ८० | युवा तथा खेलकुद विकास कार्यक्रम | ४ | २००,०००.०० | |
| ८१ | वडा सिमाना स्वागत होडिङ बोर्ड निर्माण | ४ | १००,०००.०० | |
| ८२ | स्याङ्गे झरना प्रवर्द्धन तथा व्यवस्थापन | ४ | ३५०,०००.०० | |
| ८३ | गुरुङ जाती पौराणिक बस्तीमा आधारित होमस्टे निर्माण डि पि आर | ४ | ५०,०००.०० | |
| ८४ | उपल्लो ताघ्रिङ नयाँगाउँ छापा खानेपानी | ४ | ६००,०००.०० | |
| ८५ | तर्पो खोला आरगन सिंचाई | ४ | २००,०००.०० | |
| ८६ | ठुल्ली गैरी सिंचाई मर्मत | ४ | १००,०००.०० | |
| ८७ | राईदु खोला सिंचाई मर्मत मिप्रा | ४ | १५०,०००.०० | |
| ८८ | बाल कल्याण प्रा.वि. भवन निर्माण मिप्रा | ४ | ६५०,०००.०० | |
| ८९ | कालिका मन्दिर निर्माण जगत | ४ | ४००,०००.०० | |
| ९० | कालाधिरिङ गैरी चल्घु सामुदायिक भवन | ४ | ४००,०००.०० | |
| ९१ | झिर्तै जगत सामुदायिक भवन | ४ | ३००,०००.०० | |
| ९२ | कालाधिरिङ डाँडा सामुदायिक भवन | ४ | ३००,०००.०० | |
| ९३ | रामबजार-आटखेत उपल्लो ताघ्रिङ सडक | ४ | ३५०,०००.०० | |
| ९४ | शिलढुङ्गा गोरेटोबाटो तथा सप्तकन्यादेवी खेलमैदान | ४ | ४५०,०००.०० | |
| ९५ | रामबजार सामुदायिक भवन तथा गैरोखेत गोरेटोबाटो | ४ | २००,०००.०० | |
| ९६ | च्याम्चे सामुदायिक भवन निर्माण | ४ | २००,०००.०० | |
| ९७ | श्रीचौर सामुदायिक भवन | ४ | २००,०००.०० | |
| ९८ | नास्कुचे सामुदायिक भवन | ४ | २००,०००.०० | |
| ९९ | पुरानो जगत सामुदायिक किचन | ४ | २५०,०००.०० | |
| १०० | घोप्टे मोटरबाटो | ४ | २००,०००.०० | |
| १०१ | गोरेटोबाटो निर्माण नयाँगाउँ | ४ | २००,०००.०० | |
| १०२ | सामाजिक, धार्मिक कार्यक्रम सञ्चालन तथा वडा कार्यालय व्यवस्थापन | ४ | ४००,०००.०० | |
| १०३ | उपल्लो चिप्ला सामुदायिक भवन | ५ | ३००,०००.०० | |
| १०४ | तल्लो चिप्ला मोटर बाटो | ५ | ३००,०००.०० | |
| १०५ | तल्लो चिप्ला खानेपानी | ५ | २००,०००.०० | |
| १०६ | निउरी मोटरबाटो | ५ | २००,०००.०० | |
| १०७ | अमर युवा क्लब भवन निर्माण | ५ | १००,०००.०० | |
| १०८ | घेर्मु म्याजिया | ५ | ४००,०००.०० | |
| १०९ | घेर्मु आन्तरिक गोरेटो बाटो | ५ | २००,०००.०० | |
| ११० | छिचु घेर्मु खानीगाऊँ खानेपानी मुहान मर्मत | ५ | २००,०००.०० | |

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

| सम्पूर्ण वडागत योजनाहरु | | | | |
|---|---|---|---|---|
| क्र.स. | कार्यक्रम / आयोजनाको नाम | वडा नं. | विनियोजित रकम रु | कैफियत |
| १११ | सझापु मोटरबाटो | ५ | २००,०००.०० | |
| ११२ | खानेपानी महान मर्मत | ५ | ५०,०००.०० | |
| ११३ | साझापु आमा समुह भवन स्तरोन्नति | ५ | ३००,०००.०० | |
| ११४ | थाल्जुङ सामुदायिक भवन | ५ | ४००,०००.०० | |
| ११५ | गोरेटो बाटो | ५ | २००,०००.०० | |
| ११६ | खोरियाखेत मोटर बाटो | ५ | २५०,०००.०० | |
| ११७ | भिरकुना सामुदायिक भवन स्तरोन्नति | ५ | २००,०००.०० | |
| ११८ | गुम्बा जाने बाटो | ५ | १००,०००.०० | |
| ११९ | सार्मे छोयलिङ गुम्बा स्तरोन्नति | ५ | १५०,०००.०० | |
| १२० | खानीगाँउ खेलमैदान स्तरोन्नति | ५ | २००,०००.०० | |
| १२१ | खानीगाँउ मोटर बाटो | ५ | २००,०००.०० | |
| १२२ | छिचु खेल मैदान निर्माण | ५ | १५०,०००.०० | |
| १२३ | छिचु मोटरबाटो | ५ | १५०,०००.०० | |
| १२४ | स्याङ्गे घेर्मु सडक स्तरोन्नति | ५ | ४००,०००.०० | |
| १२५ | स्याङ्गे घेर्मु अस्थाई मोटर पुल | ५ | २००,०००.०० | |
| १२६ | घेर्मु स्वास्थ्य चौकी व्यवस्थापन | ५ | १५०,०००.०० | |
| १२७ | विधालय भौतिक पुर्वाधार तथा सुधार कार्यक्रम | ५ | ६००,०००.०० | |
| १२८ | महिला सशक्तिकरण | ५ | १००,०००.०० | |
| १२९ | युवा सशक्तिकरण | ५ | १५०,०००.०० | |
| १३० | विपद व्यवस्थापन | ५ | १५०,०००.०० | |
| १३१ | युवा उद्यमशिलता विकास | ५ | २००,०००.०० | |
| १३२ | ल्यापटप,कलरप्रिन्टर तथा अन्य सामग्री खरीद | ५ | २००,०००.०० | |
| १३३ | विविध | ५ | २००,०००.०० | |
| १३४ | सामुदायिक भवन स्तरोन्नती डहरे | ६ | ३००,०००.०० | |
| १३५ | सामुदायिक भवन स्तरोन्नती नाइचे | ६ | ४००,०००.०० | |
| १३६ | सामुदायिक भान्छा घर निर्माण दिडदिङ | ६ | ४००,०००.०० | |
| १३७ | सामुदायिक भान्छा घर निर्माण मैदुङ्गा | ६ | ४००,०००.०० | |
| १३८ | सामुदायिक भवन मसिनगी वाल भिरपुस्तुन | ६ | ४००,०००.०० | |
| १३९ | मैदान खोलाघर गोरेटोबाटो ठुलिवेसी | ६ | ४००,०००.०० | |
| १४० | चण्डीस्थान थापा टोल गोरेटोबाटो ठुलिवेसी | ६ | ४००,०००.०० | |
| १४१ | ज्यानडाँडा मैदान गोरेटोबाटो ठुलिबेसी | ६ | ४००,०००.०० | |
| १४२ | गोरेटोबाटो निर्माण लाम्पाटा | ६ | ४००,०००.०० | |
| १४३ | गोरेटोबाटो निर्माण फैजाग | ६ | ४००,०००.०० | |
| १४४ | मालचोक-चौतारा मोटरबाटो वाहुनडाँडा | ६ | ४००,०००.०० | |
| १४५ | च.मा.वि. घेरा पखाल बाहुनडाँडा | ६ | ३००,०००.०० | |
| १४६ | [illegible] आ.वि. ठुलिबेसी | ६ | २००,०००.०० | |
| १४७ | [illegible] प्रा.वि. भिरपुस्तुन | ६ | १२५,०००.०० | |
| १४८ | [illegible] ज्योति प्रा.वि. नाइचे | ६ | १२५,०००.०० | |

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुन्छा, लमजुङ
गण्डकी प्रदेश, नेपाल

| सम्पूर्ण वडागत योजनाहरु | | | | |
|---|---|---|---|---|
| क्र.स. | कार्यक्रम / आयोजनाको नाम | वडा नं. | विनियोजित रकम रु | कैफियत |
| १४९ | हिमालयन प्रा.वि डहरे | ६ | १००,०००.०० | |
| १५० | युवा तथा खेलकुद | ६ | १००,०००.०० | |
| १५१ | महिला विकास तर्फ | ६ | १००,०००.०० | |
| १५२ | दलित | ६ | २५०,०००.०० | |
| १५३ | बा.धे.ता | ६ | १००,०००.०० | |
| १५४ | प्रहरी चौकी | ६ | ५०,०००.०० | |
| १५५ | स्वास्थ्य तर्फ | ६ | १००,०००.०० | |
| १५६ | विपद् व्यवस्थापन | ६ | १००,०००.०० | |
| १५७ | विविध तथा भैपरी (अध्यक्षको मातहतमा) | ६ | ६५०,०००.०० | |
| १५८ | डादी सामुदायिक भवन | ७ | ३००,०००.०० | |
| १५९ | डादी गोरेटोबाटो | ७ | १००,०००.०० | |
| १६० | मन्जङ्गेडाँडा-ताइलीचोक गोरेटोबाटो निर्माण | ७ | ४००,०००.०० | |
| १६१ | ताराङ्गे सामुदायिक भवन निर्माण | ७ | ६००,०००.०० | |
| १६२ | कालो वेसार र दन्ते ओखर खेती विस्तार योजना नयाँगाउँ | ७ | ५००,०००.०० | |
| १६३ | नयाँगाउँ खेलमैदान | ७ | ५००,०००.०० | |
| १६४ | उस्ता पद्मा छोइलिङ गुम्वा निर्माण | ७ | १,०००,०००.०० | |
| १६५ | उस्तावेसी सिँचाई | ७ | २५०,०००.०० | |
| १६६ | छिनखोला गोरेटोबाटो | ७ | ५५०,०००.०० | |
| १६७ | छिनखोला आमा समुहको भान्छाघर निर्माण | ७ | ३००,०००.०० | |
| १६८ | लुदी गोरेटोबाटो निर्माण | ७ | ४००,०००.०० | |
| १६९ | श्री वराह मन्दिर प्रा.वि. भवन मर्मत | ७ | २००,०००.०० | |
| १७० | ताराचोक सिँचाई मर्मत | ७ | ६००,०००.०० | |
| १७१ | शेरा सिँचाई मर्मत | ७ | २५०,०००.०० | |
| १७२ | स्वास्थ्य | ७ | ३००,०००.०० | |
| १७३ | शिक्षा | ७ | १००,०००.०० | |
| १७४ | विपद् व्यवस्थापन | ७ | २००,०००.०० | |
| १७५ | खेलकुद | ७ | १५०,०००.०० | |
| १७६ | सिपमुलक क्षमता विकास तथा सचेतना कार्यक्रम | ७ | २००,०००.०० | |
| १७७ | कृषि तथा पशु कार्यक्रम | ७ | १५०,०००.०० | |
| १७८ | घर घरमा टोल अध्यक्ष टोल टोलमा वडा अध्यक्ष कार्यक्रम | ७ | ३००,०००.०० | |
| १७९ | युवा प्रोत्साहन कार्यक्रम नयाँगाउँ | ७ | १००,०००.०० | |
| १८० | सार्वजनिक सुनुवाई तथा समिक्षा | ७ | ५०,०००.०० | |
| १८१ | प्रभात शान्तिपूर्ण मा.वि. | ८ | ३,०००,०००.०० | |
| १८२ | ठुलो स्वाँरा सामुदायिक भवन | ८ | ३००,०००.०० | |
| १८३ | ह्युलमनी छोइलिङ गुम्बा | ८ | ३००,०००.०० | |
| १८४ | भुलभुले कुवापानी गोरेटोबाटो | ८ | ३००,०००.०० | |

अर्जुन गुरुङ
अध्यक्ष



CamScanner

| सम्पूर्ण वडागत योजनाहरु | | | | |
|---|---|---|---|---|
| क.स. | कार्यक्रम / आयोजनाको नाम | वडा नं. | विनियोजित रकम रु | कैफियत |
| १८५ | भुस्मे खेलमैदान | ८ | ४००,०००.०० | |
| १८६ | रिडटाड सामुदायिक भवन | ८ | ३००,०००.०० | |
| १८७ | विपद् व्यवस्थापन | ८ | २००,०००.०० | |
| १८८ | हात्तीरुख सामुदायिक भवन | ८ | १००,०००.०० | |
| १८९ | सिमलचौर स्वास्थ्य चौकी | ८ | १००,०००.०० | |
| १९० | सिरुबारी, थलेतु, पाँगु मोटरबाटो मर्मत | ९ | २५०,०००.०० | |
| १९१ | तमुह्यूल लामागाउँ आमा समुह भवन | ९ | २००,०००.०० | |
| १९२ | फलेते—नयाँबस्ती खानेपानी | ९ | ५०,०००.०० | |
| १९३ | लामागाउँ स्वास्थ्य इकाई | ९ | ५०,०००.०० | |
| १९४ | अरण्य ज्योति आ.वि. | ९ | १००,०००.०० | |
| १९५ | सिरुबारी आमा समुह भवन | ९ | १००,०००.०० | |
| १९६ | भलामचौर खेल मैदान र नयाँ गाउँ जाने बाटो सफाई | ९ | ७००,०००.०० | |
| १९७ | सिम्पानी कालिका मन्दिर निर्माण | ९ | २००,०००.०० | |
| १९८ | सिम्पानी खेल मैदान | ९ | ४००,०००.०० | |
| १९९ | भलाम खानेपानी | ९ | १००,०००.०० | |
| २०० | टोल नं.४ मोटरबाटोहरु मर्मत | ९ | २५०,०००.०० | |
| २०१ | बान्द्रे खानेपानी | ९ | १००,०००.०० | |
| २०२ | बसपार्कबाट महादेवस्थान गोरेटो बाटो | ९ | १५०,०००.०० | |
| २०३ | पारीखेत घ्रोक्रे गोरेटो बाटो | ९ | २००,०००.०० | |
| २०४ | सरस्वती आ.वि. विधालय | ९ | ३००,०००.०० | |
| २०५ | दिव्य ज्योति युवा क्लव | ९ | १५०,०००.०० | |
| २०६ | कोटकालिका सामुदायिक भवन निर्माण | ९ | २७५,०००.०० | |
| २०७ | लालीगुराँसँ आमा समुह भवन | ९ | २७५,०००.०० | |
| २०८ | श्रीदेवी आमा समुह भवन मर्मत | ९ | २७५,०००.०० | |
| २०९ | रञ्जित, चनौटे र सेराफाँट खानेपानी | ९ | २७५,०००.०० | |
| २१० | कालिकामाई प्रगतीशिल सामुहायिक भवन | ९ | २७५,०००.०० | |
| २११ | बस्नेतफाँट चुचुरे नयाँ ट्र्याक | ९ | २७५,०००.०० | |
| २१२ | तर्वे—ढाँड—महथोक खानेपानी | ९ | ४००,०००.०० | |
| २१३ | चन्द्र ज्योति आमा समुह भवन | ९ | ३००,०००.०० | |
| २१४ | सिद्धमाई आमा समुह भवन चर्पि मर्मत | ९ | ५०,०००.०० | |
| २१५ | सुवेदीगाँउदेखि राम्दीबसाह मोटरबाटो निर्माण | ९ | २५०,०००.०० | |
| २१६ | गैसुटा नाली निर्माण | ९ | ४५०,०००.०० | |
| २१७ | आर्थिक सहयता कोष | ९ | १५०,०००.०० | |
| २१८ | विपद् व्यवस्थापन | ९ | १००,०००.०० | |
| २१९ | वडा जेष्ठ नागरिक संञ्जाल | ९ | ५०,०००.०० | |
| २२० | वडा महिला संञ्जाल | ९ | ५०,०००.०० | |
| २२१ | वडा युवा संञ्जाल | ९ | १००,०००.०० | |
| २२२ | मानसिक संचेतना कार्यक्रम | ९ | ५०,०००.०० | |

| सम्पूर्ण वडागत योजनाहरु | | | | |
|---|---|---|---|---|
| क.स. | कार्यक्रम / आयोजनाको नाम | वडा नं. | बिनियोजित रकम रु | कैफियत |
| २२३ | बाँदर नियन्त्रण | ९ | ७०,०००.०० | |
| २२४ | दुना टपरी बनाउने मेसिन खरिद | ९ | ३००,०००.०० | |
| २२५ | नवजात शिशु तथा सुत्केरी आमा भेटघाट तथा कोसेली कार्यक्रम | ९ | १००,०००.०० | |
| २२६ | सरस्वती सदन आ.वि. स्वर्ण महोत्सव | ९ | ५०,०००.०० | |
| २२७ | अरण्य ज्योति आ.वि. स्वर्ण महोत्सव | ९ | ५०,०००.०० | |
| २२८ | विधालयहरुलाई युरो गार्ड वितरण | ९ | १००,०००.०० | |
| २२९ | पाम्चोक संत्संगत भवन मर्मत | ९ | ५०,०००.०० | |
| २३० | नौमती बाजाको पोसाक खरिद | ९ | ३०,०००.०० | |
| २३१ | वडा कार्यालय सामान खरिद | ९ | २००,०००.०० | |
| २३२ | गणेश मा.वि. | ९ | २००,०००.०० | |
| २३३ | चुचुरे बाटो मर्मत | ९ | ५०,०००.०० | |

CamScanner

निर्णय नं. ४: मर्स्याङ्दी गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन विधेयक, २०८० सम्बन्धमा :

र्स्याङ्दी गाउँपालिकाका गाउँकार्यपालिकामा पेश भएको तपशिल वमोजिमको "मर्स्याङ्दी गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी विधेयक, २०८०" कार्यपालिकाका सदस्यहरु वीच व्यापक छलफल भई सर्वसहमतिले पारित गर्ने र गाउँसभामा पेश गर्ने निर्णय गरीयो ।

**"मर्स्याङ्दी गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन विधेयक, २०८० "**

**प्रस्तावना :**

निजी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, पूर्वाधार निर्माण, विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाइ, वन तथा वातावरण संरक्षण, संस्थागत विकास तथा सुशासन, सहकारी संस्थाहरुको सबलीकरण तथा स्थानीय उत्पादनको बजारीकरण लगायतका कार्यक्रमका लागि साझेदारीको माध्यमबाट सर्वैसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले मर्स्याङ्दी गाउँपालिकाले यो विधेयक बनाएको छ ।

नेपालको संविधानका धारा २२६ मा उल्लेख भए अनुसार गाउँसभाले अनुसूची ८ बमोजिमको सूचीमा उल्लेखित विषयमा आवश्यक कानुन बनाउन सक्ने व्यवस्था गरेको र उक्त सूचीमा "स्थानीय स्तरको विकास योजना र परियोजनाहरु" को अधिकार समावेश गरिएको छ। साथै स्थानीय सरकार सञ्चालन ऐन्त २०७४ को दफा १०२ (१) बमोजिम गाउँसभाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने अधिकारको प्रयोग गरी मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाले यो विधेयक बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस विधेयक नाम "मर्स्याङ्दी गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी विधेयक, २०८०" रहेको छ ।

(२) यो विधेयक मर्स्याङ्दी गाउँसभाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

(३) यो विधेयक मर्स्याङ्दी गाउँपालिकाका क्षेत्रमा लागू हुनेछ ।

**२. परिभाषा :** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधेयकमा:-

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

(क) "गाउँपालिका " भन्नाले मर्स्याङ्दी गाउँपालिकालाई सम्झनुपर्छ ।

(ख) "कार्यक्रम" भन्नाले यस विधेयक दफा ३ बमोजिम गाउँपालिकासँग साझेदारीमा सञ्चालन गरिने कार्यक्रम सम्झनुपर्छ ।

(ग) "लाभग्राही" भन्नाले यस विधेयक बमोजिमको सेवा सुविधा उपभोग गर्ने व्यक्ति तथा समुदायलाई सम्झनु पर्छ ।

(घ) "प्रस्तावक" भन्नाले दफा ५ बमोजिम गाउँपालिकासँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्तावना पेश गर्ने वा आवेदन दिने व्यक्ति, कम्पनी, फर्म, राष्ट्रिय गैरसरकारी संस्था, सामुदायिक संस्था, सहकारी, अन्य संघ संस्थालाई सम्झनुपर्छ ।

(ङ) "स्थानीय सरकार" भन्नाले मर्स्याङ्दी गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(च) "सम्झौता" भन्नाले कार्यक्रम कार्यान्वयन गर्न दफा ८ बमोजिम मर्स्याङ्दी गाउँपालिकाले प्रस्तावकसँग गरेका साझेदारी सम्झौता सम्झनु पर्छ ।

(छ) "साझेदारी" भन्नाले साझेदारीका अवधारणा अनुरुप कुनै पनि कार्यक्रमको तर्जुमा, सञ्चालन तथा व्यवस्थापनका साथै आंशिक वा पूर्ण रुपमा वित्तीय लगानी गर्ने गरी यस गाउँपालिका र साझेदार वीच भएको करारीय प्रबन्ध सम्झनु पर्छ ।

(ज) "साझेदार" भन्नाले यस गाउँपालिकाकासग साझेदारी गरी दफा ३ बमोजिमको कार्यक्रम सञ्चालन गर्नका लागि द्रफा ८ बमोजिम सम्झौता गर्ने प्रस्तावक सम्झनुपर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस विधेयक अन्तर्गत बनेको नियम, कार्यविधि वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ञ) "गाउँसभा सभा" भन्नाले गाउँपालिकाको गाउँसभा सम्झनुपर्दछ ।

(ट) "कार्यपालिका" भन्नात्ले गाउँकार्यपालिका कार्यपालिका सम्झनुपर्दछ ।

## परिच्छेद २

## कार्यक्रमको पहिचान तथा स्वीकृति

**३. साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने :**

(क) यस गाउँपालिका सँग मिलेर अल्पकालिक तथा दिर्घकालिक समयावधिको लागि लगत तथा प्राविधिक साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(ख) यस विधेयक बमोजिम सञ्चालन हुने कार्यक्रम गाउँबासीको जीवनस्तरमा सुधार ल्याउने, रोजगारी सृजना गर्ने तथा गरिबी निवारण गर्न उन्मुख हुनुपर्ने छ ।

(ग) गाउँवासीले सञ्चालन गर्ने कार्यमा लागत न्यूनीकरण गरी भौतिक, आर्थिक तथा मानव स्रोत र साधनको अधिकतम उपयोग र प्रभावकारी परिचालन गर्ने ।

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

(घ) साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागि पहिचान भएका क्षेत्रहरुमा आवश्यक थप विषयगत प्राविधिक दक्षता भएका साझेदारसँग सहकार्य गर्ने ।

(ङ) वहत पूर्वाधार र ठूला आयोजनाको लागि स्रोत सुनिश्चित गर्ने ।

(च) असल अभ्यास र अनुभवहरुको आदान प्रदान गर्ने ।

**साझेदारीमा सञ्चालन गरिने कार्यक्रमको विषयगत क्षेत्र यस गाउँपालिकाले कार्यविधि बनाएर तय गर्नेछ ।**

**४. साझेदारीमा सञ्चालन गरिने कार्यक्रममा देहायका विशेषताहरु हुनुपर्नेछ ।**

(क) साझेदारले कम्तीमा २५ प्रतिशत लागत साझेदारी गरेको,

(ख) साझेदारलाई दीगो सामुदायिक विकास कार्यक्रम, पूर्वाधार विकास तथा मर्मत लगायतका कार्यहरु गर्ने गरी जिम्मेवार दिइएको वा व्यवस्थापनका लागि सम्झौता भएको,

(ग) योजना तथा कार्यक्रमको कार्यान्वयन अवधि स्पष्ट भएको ।

**५. कार्यक्रम पहिचान तथा कार्यान्वयनका लागि प्रस्ताव आह्वान प्रक्रिया :**

(१) गाउँपालिकालोले यस विधेयक बमोजिम गाउँसभाले स्वीकृत गरेका वा कार्यपालिकाले आवश्यकता महसुस गरेका एक वर्षीय वा दीर्घकालीन योजना तथा कार्यक्रमहरु, जसको कार्यन्वयनका लागि साझेदारको लागत तथा प्राविधिक सहयोग आवश्यकता पर्दछ, ती कार्यक्रमहरुको पहिचान गर्नेछ ।

(२) गाउँपालिकाले स्वीकृत साझेदारी कार्यक्रम कार्यान्वयनका लागि सार्वजनिक सूचना प्रकाशन गरी आशय पत्र आह्वान गर्नुपर्नेछ । आशय पत्रको सूचनामा देहायका विवरण खुलाउनुपर्नेछ :

क) आशयपत्र पेश गर्ने कार्यालय वा निकाय,

ख) आशयपत्र पेश गर्ने अवधि,

(ग) आशयपत्रमा खुलाउनु पर्ने विवरण,

(घ) आशयपत्र साथ संलग्न गर्नुपर्ने कागजताहरु,

(ङ) प्रस्तावकको प्राविधिक तथा आर्थिक क्षमता

(च) तोकिए बमोजिमका अन्य विवरण ।

(३) संक्षिप्त सूची तयार पार्ने : उप-दफा २ बमोजिम आशय पत्र प्राप्त भएपछि तोकिए बमोजिमको आधारमा मूल्यांकन गरी तोकिएका प्रक्रिया बमोजिम प्रस्तावकहरुको संक्षिप्त सूची तयार गर्नुपर्नेछ ।

(४) प्रस्ताव आह्वान गर्ने : सूचीमा परेका प्रस्तावकहरुसँग तोकिए बमोजिमका विषयहरु खुलाई सूचनामा उल्लेखित अवधिभित्र तोकिएको ढाँचामा प्रस्ताव आह्वानको लागि सूचना प्रकाशित गर्नेछ ।

अर्जुन गुरुङ
अध्यक्ष

(५) प्रस्ताव आह्वानको सूचनाको ढाँचा, आवेदन पत्र तथा प्रस्तावको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(६) प्रस्ताव छनौट : पालिकाले तोकिए बमोजिमको मूल्यांकन समिति गठन गरी तोकिएका अवधिभित्र तोकिएको प्राविधिक तथा आर्थिक मूल्यांकनका आधारमा प्रस्ताव छनौट गर्नुपर्नेछ ।

**६. कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन:**

(१) गाउँपालिकाले यस विधेयक बमोजिम कार्यक्रमको व्यवस्थापन, समन्वय, अनुगमन तथा मूल्याङ्न गर्नको लागि विभिन्न समिति, उप-समिति तथा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन गरिएका समिति, उप-समिति तथा कार्यदलका पदाधिकारी, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) अनुदान उपलब्ध गराउन सकिने: कार्यक्रम कार्यान्वयनको क्रममा गाउँपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई अनुदान उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद - ३

## साझेदारी सम्झौता सम्बन्धी व्यवस्था

**७. सम्झौता गर्ने :**

(१) गाउँपालिकाले दफा ५ को उपदफा (६) मा उल्लेख भएको मूल्यांकन समितिको सिफारिस बमोजिम प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता गरी साझेदारी सम्झौता गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको सम्झौताको ढाँचा सम्झौता गर्ने पक्षहरुले कार्यान्वयन गर्न लागिएको कार्यक्रमको आवश्यकता अनुसार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ४

## साझेदारी कार्यक्रमको वित्तीय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानी

**८. वित्तीय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानी**

(१) यस गाउँपालिकाको कार्यक्रममा टेवा पुर्याउने उद्धेश्यले साझेदारीमा आएका साझेदारहरुलाई कार्यक्रम सञ्चालन गर्नका निम्ति तोकिए बमोजिम पेश्की उपलब्ध गराउन सकिनेछ । यसरी गाउँपालिकासँग साझेदारीमा आउने साझेदारलाई कार्यक्रम सञ्चालन गर्नको लागि पेश्की प्रदान गर्दा साझेदारले गर्ने लागत तथा प्राविधिक वा दुवै सहभागिताको स्तर र साझेदारको संलग्नताको उद्धेश्य आर्थिक प्रतिफल प्राप्त गर्ने रहे नरहेको विचार गरी पेश्की जमानत आवश्यक नपर्ने गरी व्यवस्था गर्न सकिनेछ । पेश्की जमानत आवश्यक हुने नहुने व्यहोरा प्रस्तावमा उल्लेख गर्नुपर्नेछ ।

(२) साझेदारी कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन तथा बिल भरपाइ सम्झौतामा तोकिए बमोजिमको ढाँचा र समयमा पेश गर्नुपर्नेछ ।

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

(३) साझेदारी कार्यक्रमको भुक्तानी गर्ने समय तथा प्रकृया दफा ७ अनुसार सम्पन्न गरिएको साझेदारी सम्झौता पत्रमा तोकिए बमोजिम हुनेछ ।

**९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन :**

सम्झौता गरी कार्यक्रमको कार्यान्वयन गर्दा दफा ६(२) बमोजिम गठन भएका समिति, उप-समिति तथा कार्यदलले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ वा विषेशज्ञ मार्फत पनि गराउन सकिनेछ ।

## परिच्छेद - ५

## विविध

**१०.विवादको समाधान :**

(१) कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा गाउँपालिका नगरपालिका र साझेदार बीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी समझदारीबाट ३० दिनभित्र समाधान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आपसी समझदारीबाट विवाद समाधान नभएको खण्डमा सम्झौता उल्लेख भएको हकमा सोही बमोजिम र उल्लेख नभएको अवस्थामा प्रचलित कानून बमोजिम हुनेछ ।

**११. स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने :**

साझेदारले कार्यक्रम कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ ।

**१२. नियम बनाउने अधिकार :**

यस विधेयकमा व्यवस्था भएका प्रावधानहरुको कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**१३. कार्यविधि तथा निर्देशिका बनाउन सक्ने :**

यस विधेयकमा व्यवस्था भएका प्रावधानको कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ ।

**१४. संशोधन तथा हेरफेर :**

यस विधेयकको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

**१५. बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्ने:**

यस विधेयकको कार्यन्वयनमा कुनै समस्या उत्पन्न भएमा बाधा अडकाउ फुकाउने र व्याख्या गर्ने अधिकार गाउँपालिकामा निहित हुनेछ ।

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

निर्णय नं. ५: आर्थीक सहयोग सम्बन्धमा :

क) विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको **विपद् व्यवस्थापन** कोषबाट तपशिल खानेपानी तथा सिँचाई योजनाहरुको लागि आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- ७ नं. वडा कार्यालय खानेपानी, मर्स्याङ्दी -७, रु.३३,८४८।-
- नाल्धारा खानेपानी तथा सिँचाई मर्स्याङ्दी -१, रु.८६,०००
- खुदी वजार खानेपानी ,मर्स्याङ्दी -३, रु ३८,४००।-



CamScanner

निर्णय नं.६: औषधी उपचार वापत खर्च सम्बन्धमा :

मृगौला प्रत्यारोपण गरेका,डायलाइसिस गरिरहेका,क्यान्सर रोगी र मेरुदण्डको पक्षाघातका विरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि,२०७८ बमोजिम यस मर्स्याङ्दी गाउँपालिका अन्तर्गतका लाभग्राहरुको तेस्रो र चौथो त्रैमासिकको रकम रु ८७५०००।- अक्षरुपी रु आठ लाख पचहत्तर हजार मध्य रु ७८५०००।– अक्षरुपी रु सात लाख पचयास हजार मात्र निकासा भएकोमा अपुग रकम रु ९००००।– अक्षरुपी नब्बे हजार मात्र यस मर्स्याङ्दी गाउँपालिको आन्तरिक श्रोत अन्तर्गतको अपाङ्ग सम्मान तथा ग वर्गका अपाङ्ग भएको व्यक्तिहरुको सामाजिक सुरक्षा भत्ता शिर्षकबाट प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ७ : खर्च अनुमोदन गरी सभामा पेश गर्ने सम्बन्धमा :

मिति २०७९/०४/०१ गते देखि मिति २०८०/०३/०८ गते सम्म आ.व. २०७९/८०को वार्षिक स्वीकृत वजेट र कार्यक्रममा भएका रकमान्तर,खर्च र उपभोक्ता समिति,फर्म ठेकदार,व्यक्ति,संस्थालाई गरिएको भुक्तानीहरु कार्यपालिका सदस्यहरु वीच व्यापक छलफल भई सर्वसहमतिले उक्त योजनाहरु / कार्यक्रमहरुमा रकमान्तर, खर्च र भुक्तानीलाई अनुमोदनको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।

अर्जुन गुरुङ
अध्यक्ष

मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुलभुले,लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७४

निर्णय नं. ८ : **"मर्स्याङ्दी गाउँपालिकाको पूर्वाधार विकास व्यवस्थापन विधेयक, २०८०" सम्बन्धमा :**

मस्र्यांङ्दी गाउँपालिकाको "मर्स्याङ्दी गाउँपालिकाको पूर्वाधार विकास व्यवस्थापन विधेयक, २०८०" माथी दफावर छलफल गरि गाउँसभामा पेश गर्न पारित गर्ने निर्णय गरियो ।

# मर्स्याङ्दी गाउँपालिकाको पूर्वाधार विकास व्यवस्थापन विधेयक , २०८०

प्रस्तावना :

संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको मर्म र भावना अनुसार आम जनताको हक अधिकारको समुचित उपयोगको प्रत्याभूति दिलाउन, आम जनतालाई विकासको प्रतिफलमा समान सहभागिताको अवसर दिलाउन, सामाजिक, साँस्कृतिक एवं आर्थिक सशक्तिकरणमा टेवा पुरयाई समृद्धीको बाटोमा डोह्याउन विभिन्न संस्थागत सन्चालन तथा व्यवस्थापनको क्रममा विभिन्न विधेयक, नियम तथा कार्यविधी निर्माण गर्नु पर्ने हुन्छ । गाउँपालिकाको क्षेत्रभित्र पूर्वाधार संरचनाको निर्माण, सन्चालन तथा व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा ५७ र २२६ तथा स्थानीय सरकार सन्चालन विधेयक, २०७४ को दफा १०२ बमोजिम मर्स्याङ्दी गाउँपालिकाको सभाले यो विधेयक बनाएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस विधेयकको नाम **"मर्स्याङ्दी गाउँपालिकाको पूर्वाधार विकास व्यवस्थापन विधेयक, २०८०"** रहेको छ ।

(२) यो विधेयक गाउँपालिका सभाबाट पारित हुनासाथए विधेयकको रुपमा तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधेयकमा –

(क) 'अध्यक्ष" भन्नाले मर्स्याङ्दी गाउँपालिका, लमजुङको अध्यक्ष सम्झनु पर्दछ ।

(ख) "उपाध्यक्ष" भन्नाले मर्स्याङ्दी गाउँपालिका, लमजुङको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएको गाउँपालिका सम्झनु पर्दछ

(घ) "कार्यपालिका" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) "गाउँसभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँसभा सम्झनु पर्दछ ।

(च) "पूर्वाधार" भन्नाले यस विधेयकको अनुसूची-१ मा उल्लेख भए बमोजिमका विषयसंग सम्बन्धित भौतिक पुर्वाधारलाई सम्झनु पर्दछ ।

(छ) "जलश्रोत" भन्नाले गाउँपालिका क्षेत्रभित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्दछ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस विधेयक बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(झ) "उपभोक्ता संस्था" भन्नाले पूर्वाधार सेवाबाट लाभ प्राप्त गर्ने समूह वा सामुदायिक संस्थालाई सम्झनु पर्दछ ।

(ञ) "अमानत" भन्नाले ठेक्कामा नलगाई स्थानीय सरकार आफैंले सिधै सम्पन्न गर्ने निर्माण कार्य वा सेवा सम्बन्धी कार्य सम्झनु पर्दछ।



अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

## परिच्छेद – २
## स्थानीय सडक तथा यातायात व्यवस्थापन

**३. स्थानीय सडकहरुको वर्गिकरण :**

(१)गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सडक विस्तार गरी यातायात सुविधा उपलब्ध गराउनका लागि आवश्यकता अनुसार सडकहरुको वर्गिकरण र बृहत्तर सडक सन्जाल गुरुयोजना तयार गर्नेछ

(२) गाउँपालिकास्तरमा मुख्यत: निम्नानुसारका सडकहरु रहनेछन् –

(क) पालिका सडक : गाउँपालिकाको केन्द्र तथा महत्वपूर्ण स्थानमा रहेको सडक पालिका सडकको रुपमा वर्गिकरण गरिनेछ। यस्ता सडकको चौडाई ८ देखि १० मिटर हुनु पर्नेछ यस्ता सडकहरु पालिकाका गौरवका योजना अन्तर्गत रहनेछन्।

(ख)बस्ती सडक : गाउँपालिकाका बस्तीहरुमा यातायातको पहुँचका लागि बनाइएका सडकहरुलाई बस्ती सडक वा ग्रामीण सडकको रुपमा वर्गिकरण गरिनेछ यस्ता सडकहरु ५ देखि ७ मिटर सम्म चौडा हुनेछन् । यस्ता सडकहरु पालिकाका वडा कार्यालय, स्वास्थ्य कार्यालय तथा स्थानीय बजार जोड्ने पहुँच मार्गका रुपमा रहनेछन्।

(ग) कृषि सडक : गाउँपालिकाभित्रका मुख्य-मुख्य कृषि उत्पादन क्षेत्र र बजारलाई जोड्ने सडकहरु यस अन्तर्गत पर्दछन् यसको न्यूनतम् चौडाई ४ देखि ५ मिटर हुनु पर्दछ।

(घ) घोडेटो मूल बाटो : मानिस र पशु चौपाया मात्र हिँड्ने एक भन्दा बढ़ी गाउँ बस्ती जोड्ने बाटोलाई घोडेटो मूल बाटोको रुपमा वर्गिकरण गरिनेछ । यसको न्यूनतम् चौडाई १ मिटर देखि १.५ मिटरको हुनेछ।

(ङ) गोरेटो बाटो : मानिस र पशु चौपाया मात्र हिँड्ने बस्तीबाट घोडेटो मूल बाटो वा बस्ती सडकसम्म जोडिने अधिकतम १ कि. मि. लम्बाईका सडकलाई गोरेटो बाटोको रुपमा वर्गिकरण गरिनेछ। यसको चौडाई न्यूनतम् १ मिटरको हुनेछ।

(३) प्रत्येक स्थानीय सडकहरुको घुम्ति तथा मोडहरुमा ठूला सवारीहरुको आवागमन समेतलाई मध्यनजर गरी निर्धारित चौडाई भन्दा ५० प्रतिशत बढ़ी हुने गरी निर्माण गर्नु पर्दछ।

**४. मापदण्ड निर्धारण गर्ने :**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण हुने सडकहरुमा यातायात सुविधा सन्चालनको मापदण्ड तोक्न सक्नेछ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र भएका सडकले वहन गर्न सक्ने वजन र आकारको हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हदभन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ।

**५. स्वीकृति नलिई संरचना निर्माण गर्न नपाइने :**

(१) यस विधेयकको दफा (३) बमोजिमका सडक र सडकका अधिकार क्षेत्रभित्र कसैले सम्बन्धित अधिकारीको स्वीकृति बिना कुनै प्रकारका संरचना निर्माण गर्न वा व्यवसाय सन्चालन गरेमा यस विधेयक बमोजिम त्यस्ता संरचना भत्काउने अधिकार गाउँपालिकालाई हुनेछ।

(२) कसैलाई कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा गाउँपालिकाको कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्दछ। यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने, नपर्ने जाँचबुझ गरी खन्दा भत्काउँदा लाग्ने अनुमानित रकम सम्बन्धित सरोकारवालाबाट धरौटी लिएर मात्र गाउँपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ।



अर्जुन गुरुङ
अध्यक्ष

६. **सडकको आवागमनमा वाधा पुर्याउन नहुने :**

(१) कसैले सार्वजनिक सडकमा कुनै मालवस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले वाधा पुर्याएको भए त्यस्तो मालवस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाममा गाउँपालिकाले आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको मालवस्तुलाई सडकको छेउ लगाई राख्न वा आफ्नो कब्जामा राख्ने गरी अन्यत्र लैजान समेत सक्नेछ।

## परिच्छेद – ३
## जलश्रोतहरुको संरक्षण र उपयोग

७. **जलश्रोतको उपयोग :**

(१) गाउँपालिकाभित्र रहेका भूमिगत वा सतही जलश्रोतको अनाधिकृत प्रयोगलाई निषेध गरी सोको संरक्षण गर्ने दायित्व गाउँपालिकाको हुनेछ।

(२) जलश्रोतको उपयोग गर्दा देहाय बमोजिमका उपयोगका लागि प्राथमिकता दिइनेछ –

(क) पिउने पानी

(ख) सिचाई

(ग) पानी घट्ट, औद्योगिक वा निर्माण प्रयोजन

(घ) जल विध्युत

(ङ) जल पर्यटन (जलक्रिडा लगायत

(३) गाउँपालिका क्षेत्रभित्र रहेका पानीको मुहान वा श्रोतको समुचित उपयोग गर्ने अधिकार गाउँपालिकालाई हुनेछ मुहान सम्बन्धी विवादको निर्णय गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ। यस गाउँपालिकाको निश्चित क्षेत्रको लागि सम्झौता गरी अन्य छिमेकी स्थानीय तहसँग लिइएका मूल सम्झौताको संरक्षण गर्नु गाउँपालिकाको दायित्व हुनेछ।

८. **अनुमति लिनु पर्ने :**

(१) यस विधेयक बमोजिम अनुमति नलिई कसैले पनि व्यक्तिगत प्रयोजनको लागि बाहेक निम्नानुसार जलश्रोतको उपयोग गर्ने छैन –

(क) सार्वजनिक वा समुहगत रुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनका लागि उपयोग गर्न,

(ख) सामुहिक रुपमा जग्गाको सिंचाई गर्न,

(ग) व्यावसायिक वा व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न,

(घ) जलक्रिडा जस्ता मनोरन्जनात्मक क्रियाकलाप सन्चालन गर्न,

(ङ) व्यवसायिक रुपमा लघु जलविध्युत (माईक्रो हाईड्रो), पानी घट्ट सन्चालन गर्न,

(च) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्न

(२) जलश्रोतको सामुहिक लाभ, व्यवसायिक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए बमोजिमका क्रियाकलाप गर्न गाउँपालिकाको अनुमति लिनु पर्दछ।

(३) सो सम्बन्धी प्रयोजनका लागि आवश्यक परेमा सामुदायिक उपयोगका लागि उपभोक्ता संस्था मार्फत र व्यवसायिक उपयोगका लागि दर्तावाला कम्पनीले गाउँपालिका समक्ष सम्पूर्ण विवरण खुलाई निवेदन दिनु पर्नेछ।

(४) उपदफा (१) मा जेसुकै लेखिएको भए तापनि नेपाल सरकारको जलश्रोतको उपयोगको राष्ट्रिय प्राथमिकताका आयोजना सन्चालन गर्न यस विधेयकले बाधा पुर्याउने छैन।

९. **खानेपानी, सिंचाई जस्ता जलश्रोतको सामुदायिक लाभ व्यवस्थापन :**



अर्जुन गुरुङ
अध्यक्ष

(१) गाउँपालिका क्षेत्रभित्र खानेपानी, सिंचाई, पानी घट्ट, लघु जल विध्युत, ताल तथा पोखरीको लागि जलश्रोत उपयोग गर्नु परेमा सम्बन्धित क्षेत्रका उपभोक्ताहरु मिली जल उपभोक्ता संस्थाको गठन गरेर सो मार्फत अनुमति लिएर मात्र निर्माण र सन्चालन गर्नु पर्नेछ।

(२) यस विधेयक तर्जुमा हुनु अघिनै संस्थागत रुपमा कुनै समूह वा संस्थाले उपयोग गरी आएको जलश्रोतलाई यो विधेयक तर्जुमा भएको ६ महिनाभित्र गाउँपालिकामा दर्ता गराउनु पर्दछ।

**१०. जल उपभोक्ता संस्थाको गठन :**

(१) दफा (११) बमोजिम गठन हुने उपभोक्ता संस्थामा ७ देखि १५ जना सम्म सदस्यहरु रहन सक्नेछन उपभोक्ता संस्थामा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनु पर्दछ।

(२) यसरी गठन गर्न चाहने समूहले देहायको विवरणहरु सहित गाउँपालिकाको जलश्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनु पर्दछ –

(क) उपभोक्ता संस्थाको विधान,

(ख) मुहान दर्ता भइसकेको भए दर्ताको प्रमाण र नभएको भए श्रोतको विवरण,

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या,

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत,

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक तथा वातावरणीय प्रभाव।

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर छलफल र जाँचबुझ गरी गाउँपालिकाले उपभोक्ता संस्था दर्ता गर्नेछ।

(४) उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारवाला संस्था हुनेछ। एक पटक छानिएको संस्थाको कार्य समितिको अवधि ३ वर्षको हुनेछ। अर्को पटकको लागि ३ वर्ष म्याद सकिनु १५ दिन अगावै उपभोक्ताहरुबाट नयाँ कार्य समितिको चयन गर्नु पर्नेछ।

(५) संस्थाको कार्य सन्चालन प्रक्रिया विधि विधानमा तोकिए बमोजिम हुनेछ। यस संस्थाले वार्षिक लेखा परीक्षण र तिर्नु पर्ने कर फर्छ्यौट गर्नु पर्नेछ। गाउँपालिकाको आर्थिक विधेयक र प्रदेश कानूनले तोके बमोजिमको जलश्रोत उपयोग कर तिर्नु पर्नेछ।

(६) यसरी तोकिए बमोजिम विधि प्रक्रिया अवलम्बन नगरेमा गाउँपालिकाले उपभोक्ता संस्थाको दर्ता रद्द गर्न सक्नेछ।

**११. जलश्रोतको व्यवसायिक उपयोगका लागि अनुमति लिनु पर्ने :**

(१) औध्योगिक प्रयोजन, जल मनोरन्जन, १ मेघावाट सम्मको जलविध्युत आयोजना लगायतका जलश्रोतको व्यवसायिक उपयोगका लागि सोको उपयोग गर्ने प्रोप्राइटर, कम्पनी वा संस्थाले गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम १ मेघावाट सम्मको जलविध्युत उत्पादन गर्नु परेमा देहायका विवरणहरु खुलाई गाउँपालिकामा निवेदन दिनु पर्दछ -

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थानको नक्सा (मुख्य-मुख्य संरचना समेत देखिने),

(ग) पानीको श्रोत र उपयोग हुने पानीको परिमाण,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या र किसिम,

(ङ) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत,

(च) परियोजना सन्चालनबाट पर्ने वातावरणीय जोखिमहरु (वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन)

(३) उपदफा (२) बमोजिम परेको आवेदनमा गाउँपालिकाको जलश्रोत र वातावरण हेर्ने शाखाले आवश्यक जाँचबुझ गरी गराई निवेदन परेको मितिले तीस दिनभित्र जलश्रोतको परिमाण,



अर्जुन गुरुङ
अध्यक्ष

उपयोग अनुमतिको अवधि र वातावरणीय जोखिम न्यूनीकरणका शर्तहरु तोकी आवेदनकर्तालाई अनुमति प्रदान गर्न सक्नेछ।

(४) यो विधेयक प्रारम्भ हुनुभन्दा अगावै जलश्रोतको उपयोग गरिरहेको प्रोप्राइटर वा संस्थाले पनि तोकिएको विवरण सहित यो विधेयक प्रारम्भ भएको मितिले ६ महिनाभित्र अनुमति-पत्रको लागि आवेदन दिनुपर्नेछ

(५) अनुमति-पत्र प्राप्त व्यक्ति वा संस्थाले जलश्रोतको उपयोग वापत स्थानीय र प्रदेश सरकारलाई कानून बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ।

(६) अनुमति-पत्र प्राप्त व्यक्ति वा संस्थाले आफ्नो अनुमति-पत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँपालिकामा उपयोग अनुमति हस्तान्तरणको लागि आवेदन दिनु पर्नेछ।

## परिच्छेद – ४
## स्थानीय खानेपानी तथा सिंचाई व्यवस्थापन सम्बन्धी व्यवस्था

**१२. स्थानीय खानेपानी बोर्ड गठन गर्न सक्ने :**

(१) गाउँपालिका क्षेत्रमा खानेपानी सेवालाई नियमित, व्यवस्थित र सुलभ बनाई भरपर्दो सेवा प्रदान गर्न गराउन स्थानीय खानेपानी बोर्डको स्थापना गर्न सक्नेछ।

(२) नेपाल सरकार, सार्वजनिक संस्थान र स्थानीय उपभोक्ता संस्थाको लागत सहभागितामा निर्माण भई सन्चालनमा रहेका एकभन्दा बढ़ी खानेपानी आयोजनाहरु मार्फत ५०० भन्दा बढ़ी धाराहरुबाट खानेपानी सेवा प्रवाह गरिरहेको अवस्थामा स्थानीय खानेपानी बोर्ड गठन गरी सेवा प्रवाह गर्न सक्नेछन्।

(३) यस प्रयोजनका लागि एक भन्दा बढ़ी उपभोक्ता संस्थाहरुले यस्तो बोर्ड गठनका लागि गाउँपालिका समक्ष आवेदन पेश गर्नु पर्नेछ। यसरी बोर्ड गठनका लागि देहायका विवरणहरु सहित पेश गर्नु पर्दछ

(क) खानेपानी सेवा सन्चालन तथा व्यवस्थापन गरिने भौगोलीक क्षेत्र,

(ख) सेवा सन्चालन तथा व्यवस्थापन गरिने क्षेत्र भित्र रहेको खानेपानी परिमाण,

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको विवरण,

(घ) सेवा सन्चालन गर्नको लागि लाग्ने अनुमानित लागत,

(ङ) सेवा सन्चालन, व्यवस्थापन, सो को मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालीन योजना,

(च) बोर्ड आफैले वा अन्य व्यक्ति र संस्था मार्फत सेवा सन्चालन गराउने हो सो सम्बन्धी व्यहोरा,

(छ) कुनै सरकारी निकायले सन्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सन्चालन गर्ने भए त्यस्तो सेवा प्रणाली सँग आवद्द सम्पति तथा दायित्व,

(ज) सन्चालन तथा व्यवस्थापनका प्रस्तावित मोडेल

(४) उपदफा (३) बमोजिम परेका निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो बोर्ड गठन गर्नु आवश्यक देखिएमा गाउँपालिकाले माग बमोजिम बोर्ड गठन गर्न सक्नेछ।

(५) बोर्ड अविछिन्न उत्तराधिकारवाला स्वशासित संगठित् संस्था हुनेछ  बोर्डले खानेपानी आयोजनाको निर्माण, विस्तार, ममर्तसम्भार, महशुल असुली, कार्यालय व्यवस्थापन लगायतका कार्य आफै गर्न सक्नेछ। यस्ता  संस्थाको अनुगमन, निरीक्षण तथा नियमानुसार नियमन गर्ने अधिकार  गाउँपालिकामा निहित हुनेछ।

**१३. खानेपानी तथा सिंचाईको शुल्क निर्धारण :**



अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

(१) गाउँपालिकाले खानेपानीको महशुल निर्धारण गर्नका लागि देहायका सदस्यहरु भएको महशुल निर्धारण समिति गठन गर्नेछ -

(क) गाउँपालिकाको अध्यक्ष - संयोजक

(ख) स्थानीय जल उपभोक्ता संस्थाहरुको प्रतिनिधि - सदस्य

(ग) गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य सचिव

## परिच्छेद – ५
## भवन निर्माण तथा शहरी विकास सम्बन्धी कार्यहरु

**१४. स्वीकृति नलिई निर्माण तथा विकास गर्न नहुने :**

(१) गाउँपालिका क्षेत्रभित्र व्यवस्थित, सुरक्षित र योजनावद्द विकासका लागि कसैले पनि गाउँपालिकाबाट स्वीकृति नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुन: निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउने वा सोसँग सम्बन्धित कार्य गर्नु, गराउनु हुँदैन।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाले रास्ट्रिय तथा प्रादेशिक मापदण्डको अधिनमा रही भवन निर्माण सम्बन्धी कार्यविधि वा निर्देशिका जारी गरी लागु गर्नेछ।

**१५. भवनको दर्ता :**

(१)गाउँपालिका क्षेत्रभित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरुको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनेछ।

**१६. भवनको डिजाइन तथा नक्सा स्वीकृति सम्बन्धी व्यवस्था :**

(१)गाउँपालिका क्षेत्रभित्र पक्की भवन- आर सी सी स्ट्रक्चर निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानून र भवन निर्माण मापदण्ड बमोजिम स्वीकृतिको लागि गाउँपालिका समक्ष डिजाइन नक्सा सहित पेश गर्नु पर्नेछ।

(२) आवासीय भवनको हकमा २५० वर्गमिटर सम्मको भवन निर्माण गर्दा ३० प्रतिशत खाली जग्गा छोड्नु पर्दछ सरकारी, अर्धसरकारी तथा व्यापारिक भवन निर्माण गर्दा ५० प्रतिशत खाली जग्गा छोड्नु पर्दछ।

(३) सडक छेउ भवन निर्माण गर्दा सडक किनाराबाट न्यूनतम ५ फिट सेट ब्याक छोड्नु पर्दछ।

**१७. बस्ती विकासको लागि अनुमति दिने :**

(१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति समुदायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा यसरी विकास गरी बिक्री गर्ने प्रयोजनबाट बस्ती विकास परियोजना सन्चालन गर्न चाहेमा गाउँ कार्यपालिकाको कार्यालयमा बस्ती विकासको कार्ययोजना सहित अनुमतिको लागि निवेदन दिनु पर्दछ। गाउँपालिकाबाट बस्ती विकास तथा स्मार्ट सिटी निर्माणका लागि अनुमति दिनुपूर्व आवश्यक कानूनको तर्जुमा गर्नु पर्नेछ।

**१८. सेवा शुल्क लिने गरी पूर्वाधार निर्माण गर्न अनुमति दिन सक्ने :**

(१) कुनै व्यक्ति, कम्पनी वा संस्थाले गाउँपालिकासंग सम्झौता गरी पूर्वाधार निर्माण गरेर निश्चित समय सम्म सेवा शुल्क लिएर सन्चालन गर्न सक्नेछ।

## परिच्छेद – ६
## पूर्वाधार आयोजना निर्माण, सन्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**१९. पूर्वाधार आयोजना निर्माण तर्जुमा :**



अर्जुन गुरुङ
अध्यक्ष

(१) स्थानीयस्तरमा पूर्वाधार निर्माण, सन्चालन, व्यवस्थापन र मर्मत सम्बन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरुको विकासका लागि कार्यविधी तर्जुमा गरी गाउँसभाबाट पारित गर्नु पर्नेछ।

(२) पूर्वाधार योजना तर्जुमा क्रममा देहाय बमोजिम ऊलेख गरी आयोजनाको विवरण तयार गर्नु पर्नेछ –

(क) आयोजनाको लक्ष्य,
(ख) आयोजनाबाट फाइदा पाउने जनताको संख्या र फाइदाको किसिम,
(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र आम्दानीको श्रोत,
(घ) उपभोक्ताहरुबाट प्राप्त हुन सक्ने नकद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान,
(ङ) उठ्न सक्ने सेवा शुल्क र मर्मत सम्भार खर्च,
(च) निर्माण, सन्चालन तथा व्यवस्थापनको स्वरूप।

**२०. लागत अनुमान तयार गर्नु पर्ने :**

(१) गाउँपालिकाले गौरवका आयोजनाको हकमा अनिवार्य रुपमा र अन्य सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि सम्भव भए सम्म बजेट विनियोजन गर्नुपूर्व प्राविधिक अध्ययन सर्वेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ।

(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराएर मात्र निर्माण कार्य अघि बढाउनु पर्नेछ।

**२१. पूर्वाधार आयोजना निर्माण, सन्चालन तथा व्यवस्थापन:**

(१) गाउँपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नु पर्ने अनुसूची-१ मा उल्लेखित पूर्वाधारहरुको निर्माण, सन्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका प्रक्रियाहरु अवलम्बन गरिनेछ –

(क) रु एक लाख सम्मका आयोजना वा कार्यक्रम सोझै वार्ताबाट,
(ख) रु एक करोड सम्मका आयोजना वा कार्यक्रम उपभोक्ता समितिहरु मार्फत,
(ग) रु दुई करोड सम्मका आयोजना वा कार्यक्रम स्थानीय निर्माण व्यवसायी मार्फत,
(घ) रु दुई करोड भन्दा माथिका आयोजना वा कार्यक्रम संघिय विधेयकले तोके बमोजिमका निर्माण व्यवसायी मार्फत,
(ङ) निजी लगानी परिचालन भई हुने निर्माण तथा व्यवस्थापन हुने कार्य साझेदारी मार्फत।

**२२. उपभोक्ता समिति मार्फत गर्न सकिने :**

(१) रु एक करोड सम्मका आयोजना वा कार्यक्रम निर्माण तथा मर्मत कार्य गराउँदा सम्बन्धित लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा उपभोक्ता समिति गठन गरी सो समिति मार्फत गर्न सकिनेछ।

(२) स्थानीय लाभान्वित समुदायहरु मध्येबाट ७ देखि ११ जनासम्मको उपभोक्ता समिति गठन गरिनेछ। यस्तो समितिमा न्यूनतम ३३ प्रतिशत महिला हुनु पर्नेछ। यसरी गठन हुने उपभोक्ता समितिहरुलाई नियमानुसारको शुल्क लिई गाउँपालिकामा दर्ता गर्नु पर्नेछ।

(३) उपभोक्ता समितिको कार्यकाल सो पूर्वाधार निर्माण वा मर्मत कार्य गर्न लाग्ने समयको दोब्बर हुनेछ निर्माण सकिएपछि पनि कम्तिमा निर्माण अवधि बराबरकै बाँकी समय मर्मत तथा सम्भारको जिम्मेवारी समेत सोही समितिले लिनेछ।

(४) यस्तो समिति मार्फत गरिने निर्माण कार्यमा उपभोक्ताहरुले कम्तिमा १० प्रतिशत नगद लागत सहभागिता वा १० प्रतिशत श्रमदान गर्नु पर्नेछ।

(५) नगद सहभागीताको रकम सम्बन्धित उपभोक्ताहरुबाट उठाई समितिको खातामा जम्मा भएपछि मात्र गाउँपालिकाले पहिलो किस्ता निकासा गर्नेछ।



अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

२३. **स्थानीय निर्माण व्यवसायी दर्ता गर्ने :**

(१) गाउँपालिकाले रु दुई करोड सम्मको पूर्वाधार निर्माण वा मर्मत सम्बन्धी कार्य गर्ने प्रयोजनका लागि गाउँपालिका भित्र रहेका योग्यता पुगेका समूह वा व्यक्तिलाई स्थानीय निर्माण व्यवसायीको रुपमा दर्ता गर्न सक्नेछ ।

(२) उपरोक्त स्थानीय निर्माण व्यवसायी हुन ईच्छुक समूह वा व्यक्तिले व्यवसाय दर्ता गर्ने प्रयोजनका लागि यस विधेयक बमोजिम गाउँ कार्यपालिकाको कार्यालयमा आवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपयुक्त देखिएका समूह वा व्यक्तिलाई कार्यपालिकामा निर्माण कार्य गर्ने इजाजत सहितको व्यवसाय दर्ताको प्रमाण-पत्र प्रदान गरिनेछ ।

(४) उपदफा (२) बमोजिम दिइएको निर्माण व्यवसाय दर्ताको अभिलेख अध्यावधिक गराई राख्नु पर्नेछ । उपदफा (२) बमोजिमका स्थानीय निर्माण व्यवसायीहरुले आफ्नो दर्ता प्रमाण-पत्र हरेक आर्थिक वर्षको पहिलो ३ महिनाभित्र नविकरण गराउनु पर्दछ ।

(५) स्थानीय निर्माण व्यवसायी हुन देहायको योग्यता हुनु पर्नेछ –

(क) न्यूनतम रु ५ लाख सम्मको चालु पुँजी देखाई गाउँपालिकामा व्यवसाय दर्ता भएको,

(ख) व्यक्ति वा व्यवसायको नाममा गत आर्थिक वर्षमा न्यूनतम रु १० लाख सम्म बैंकिङ कारोबार गरेको ।

(ग) आफ्नो एकाघरको स्वामित्वमा रु ३ लाख सम्मको निर्माण उपकरण चालू हालतमा रहेको ।

२४. **स्थानीय निर्माण व्यवसायीबाट पूर्वाधार निर्माण गराइने :**

(१) गाउँपालिकाले यस विधेयकको दफा २१ (ग) बमोजिमका स्थानीय निर्माण व्यवसायीहरु मार्फत रु दुई करोड सम्मको पूर्वाधार निर्माण वा मर्मत सम्बन्धी कार्य गराउन सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि आपसी प्रतिस्पर्दाका आधारमा छनौट गर्न सक्नेछ ।

(३) गाउँपालिकामा दर्ता भएका व्यवसायीहरु मध्येबाट निर्माण कार्यका लागि देहायको व्यवस्था हुनेछ –

(क) रितपूर्वक गाउँपालिकाको संक्षिप्त सूचीमा सूचिकृत व्यवसायीहरु मध्येबाट १५ दिनको सूचना दिई प्रस्ताव माग गर्न सकिने,

(ख) प्रस्ताव माग गर्दा सम्बन्धित काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम र अन्य आवश्यक कुराहरु खुलाउनु पर्ने,

(ग) न्यूनतम रकम कबोल गर्ने व्यवसायीलाई आवेदनको म्याद समाप्त भएको ७ दिनभित्र सम्झौताको लागि आव्हान गर्ने,

(घ) छानिएका निर्माण व्यवसायीले कबोल रकमको १० प्रतिशत बैंक ग्यारेन्टी सहित सम्झौताको लागि तोकिएको म्याद भित्र आउनु पर्ने

(४) स्थानीय निर्माण व्यवसायीले पाएको काम आफैँले सम्पन्न गर्नु पर्नेछ र कुनै अन्य निर्माण व्यवसायीसंग उप-करार गर्न सकिने छैन । कुनै कारणवश आफैँले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना गाउँपालिकालाई दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त भएमा गाउँपालिकाले सो सम्बन्धमा जाँचबुझ गरी सो सम्झौता तोडी बाँकी काम नियमानुसार गराउनु पर्दछ ।

(५) स्थानीय निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण त्यस्तो कार्य सम्पन्न गरेको प्रमाण-पत्र प्राप्त गरेको मितिले पैंतिस दिनभित्र गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्दछ । स्थानीय निर्माण व्यवसायीबाट गुणस्तरहीन कार्य भएको, न्यूनगुणस्तरीय निर्माण सामाग्रीको प्रयोग भएको वा निर्माणको समयमा अन्य लापरवाही भएबाट कुनै सार्वजनिक संरचनाको कार्य सम्पन्न भएको मितिले दुई वर्ष भित्र मर्मत गर्नु पर्ने भएमा उक्त मर्मतको कार्य सम्बन्धित स्थानीय निर्माण व्यवसायीले आफ्नै खर्चबाट गर्नु पर्नेछ ।



अर्जुन गुरुङ

CamScanner

**२५. पूर्वाधार मर्मत सम्भार कोष :**

(१) गाउँपालिकाभित्र रहेका गाउँस्तरीय वा केन्द्र/प्रदेशस्तरीय पूर्वाधारहरुको नियमित तथा आवश्यकता अनुसारको मर्मत गरी सेवा सुचारु गर्न पूर्वाधार मर्मत कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा पूर्वाधार संरचना सडक, खानेपानी इत्यादिबाट प्राप्त रोयल्टी रकमको २५ प्रतिशत रकम दाखिला गरिनेछ ।

## परिच्छेद – ७
## पूर्वाधार अनुगमन तथा मुल्यांकन सम्बन्धी व्यवस्था

**२६. पूर्वाधार अनुगमन समितिको गठन :**

(१) गाउँपालिका क्षेत्रभित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निर्माण हुने ठुला आयोजना तथा गाउँपालिकाको आफ्नै बजेटबाट निर्माण हुने, ३० लाख भन्दा माथी लागत भएका पूर्वाधार निर्माण एवम् मर्मत सम्भार कार्यहरुको गुणस्तर र समयवद्द प्रगति अनुगमन गर्नका लागि सम्बन्धित क्षेत्रका लाभान्वित परिवारका सदस्यहरु सम्मिलित एक पूर्वाधार अनुगमन समिति गठन गरिनेछ ।

(२) पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछ –

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | उप-संयोजक |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) पूर्वाधारको मुख्य काम हुने वडाको वडाध्यक्ष | सदस्य |
| (ङ) स्थानीय विज्ञहरु मध्ये कार्यपालिकाले तोकेको एक महिला सहित २ जना | सदस्य |
| (च) गाउँपालिकाको भौतिक पूर्वाधार शाखा प्रमुख | सदस्य सचिव |

**२७. समितिको बैठक र निर्णय :**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

**२८. अनुगमन पश्चात निर्देशन दिन सक्ने :**

(१) पूर्वाधार अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकायबाट सो कार्यको प्रस्तावित गुणस्तर र समयवद्द प्रगति तालिका प्राप्त गरी सो बमोजिम अनुगमन गरेर निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) केन्द्र र प्रदेशस्तरीय पूर्वाधार आयोजनाहरुको निर्माण र सन्चालनको अवस्था बारे सुझाव र सिफारिस गर्ने दायित्व समितिको हुनेछ ।

**२९. सहमति दिनु पर्ने :** गाउँपालिका आफैले सन्चालन गर्ने ३० लाख भन्दा माथिका लागत भएका पूर्वाधारहरुको निर्माण सम्पन्नता पस्चात निर्माण व्यवसायीलाई अन्तिम किस्ता भुक्तानी गर्न अनुगमन समितिले पेश गरेको प्रतिवेदनको आधारमा कार्यपालिकाले सहमति दिनु पर्नेछ ।

**३०. कारवाहीको सिफारिस गर्न सक्ने :** गाउँपालिका क्षेत्रभित्र निर्माण कार्य भई रहेको प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा वा निर्माण व्यवसायीकै लापरवाहीका कारण निर्धारित समयभित्रको प्रगति नदेखिएमा अनुगमन समितिले सम्बन्धित निर्माण व्यवसायीलाई कारवाहीका लागि प्रदेश वा नेपाल सरकार



अर्जुन गुरुङ
अध्यक्ष

समक्ष सिफारिस गर्न सक्ने र आफ्नो गाउँपालिका भित्र उक्त व्यवसायीलाई आगामी दिनमा काम नदिने व्यवस्थाका लागि सिफारिस गर्न सक्नेछ।

**३१. कालो सूचीमा राख्ने :**

(१) देहायको अवस्थामा गाउँपालिका कार्यालयले सबै प्रकारका निर्माण व्यवसायीहरुलाई भविष्यमा निर्माण कार्य नदिने गरी कालो सूचीमा राख्न सक्नेछ –

(क) कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहर भएमा,

(ख) पूर्वाधार निर्माणको लागि छनौट भई सम्झौता गरेर ४५ दिनसम्म काम शुरु नगरेमा,

(ग) सम्झौता अनुरुपको दायित्व पालना नगरेको वा सम्झौता बमोजिमको गुणस्तर नभएको कुरा पछि प्रमाणित भएमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई खरिद सम्झौता गरेको प्रमाणित हुन आएमा,

(ङ) डर, त्रास वा धम्की दिई खरिद प्रक्रियालाई प्रभावित पर्ने कार्य गरेमा,

(च) अन्य यस्तै कुनै कसूर गरेको ठहरिएमा।

(२) उपरोक्त बमोजिम कालो सूचीमा राख्दा कसूरको गम्भीर्यताको आधारमा कालो सूचीको अवधि तोक्न सकिनेछ।

**३२. प्राविधिक मूल्यांकन गर्नु पर्ने :**

(१) गाउँपालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरुको प्राविधिक मूल्यांकन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको लागि आवश्यक प्रयोगशालाको व्यवस्थापन गर्न सकिनेछ

## परिच्छेद – ८

## सार्वजनिक निजी साझेदारीमा पूर्वाधार संरचनाको निर्माण तथा सन्चालन

**३३. सार्वजनिक निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने :**

(१) यस विधेयक बमोजिम कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, संस्था वा कम्पनीसंग गाउँपालिकाले खानेपानी, विध्युत, उर्जा, सडक, सरसफाईसंग सम्बन्धित संरचना वा पूर्वाधारहरुको निर्माण, सन्चालन तथा व्यवस्थापनमा निजी लगानी कर्तासंग तोकिएको सेवा शुल्क लिने गरी साझेदारी गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाले पूर्वाधारको अवस्था, आवश्यकता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अवलम्बन गरी निजी साझेदारसंग लगानी प्राप्त गर्न,र प्रतिफल बाँटफाँट गर्ने गरी निश्चित अवधिका लागि सम्झौता गर्न सक्नेछ –

(क) सन्चालन तथा व्यवस्थापन : अधिकतम ५ वर्षका लागि,

(ख) निर्माण, सन्चालन तथा हस्तान्तरण : ७ देखि १५ वर्षका लागि,

(ग) निर्माण, स्वामित्वकरण, सन्चालन तथा हस्तान्तरण : १५ देखि २० वर्षका लागि,

(घ) लिज वा कन्सेसन : सम्झौतामा तोकिए बमोजिम वा अधिकतम २२ वर्ष।

**३४. प्रस्ताव आव्हान गर्न सक्ने :**

(१) गाउँपालिकाले पूर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको सन्चालन तथा व्यवस्थापनका लागि मनसाय-पत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति, संस्था वा निजी व्यवसायीले साझेदारीको स्वरुपको आधारमा देहायका विवरणहरु खुलाई प्रस्ताव पेश गर्नु पर्दछ –



अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

(क) निर्माण गर्नु पर्ने वा सन्चालन गर्नु पर्ने पूर्वाधारको विवरण,
(ख) अनुमानित लागत,
(ग) वित्तीय श्रोत,
(घ) वातावरणीय प्रतिवेदन ( आवश्यक भएको अवस्थामा )
(ङ) कार्यान्वयनको विवरण,
(च) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यूनीकरण गर्ने प्रस्तावित उपायहरु,
(छ) परियोजनाको डिजाईन र नक्सा,
(ज) प्रस्तावित शुल्क र करार अवधि।

**३५. प्रस्ताव छनौट र सम्झौता :**

(१)प्राप्त भएका प्रस्ताव उपर गाउँपालिकाले विज्ञ टोलीद्वारा तपसिलका आधारहरुमा मूल्यांकन गराई प्रस्ताव छनौट गर्न सक्नेछ –
(क) पूर्वाधारबाट उपलब्ध हुने सुविधाको स्तर र गुणस्तर,
(ख) प्रस्तावित निजी लगानी,
(ग) सेवा शुल्क र रोयल्टी रकम,
(घ) लिज अवधि,
(ङ) प्रविधिको नौलोपन, स्थानीय रोजगारीको अवसर वृद्दि।

(२) उपदफा (१) मा उल्लेखित आधारहरुबाट उपयुक्त देखिएको प्रस्तावकसंग गाउँपालिकाले अवधि किटान गरी साझेदारी सम्झौता गर्न सक्नेछ।

**३६. सन्चालन तथा व्यवस्थापन :**

(१)सम्झौता अवधिभर पूर्वाधार संरचनाको सन्चालन तथा व्यवस्थापनको दायित्व सम्बन्धित साझेदारको हुनेछ। सम्झौतामा हेरफेर गर्नु परेमा निजी साझेदार वा गाउँपालिकाको तर्फबाट एक अर्कोलाई प्रस्ताव गर्नु पर्ने र आपसी समझदारीबाट बुँदाहरुमा हेरफेर हुन सक्नेछ।

## परिच्छेद – ९
## वातावरण, भू-संरक्षण तथा वैक्लिपक उर्जा

**३७. वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी व्यवस्था :** भौतिक पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तार गर्दा प्राकृतिक जमिनमा हेरफेर हुने, वन पैदावार, जैविक विविधतामा असर लगायत सामाजिक, साँस्कृतिक, आर्थिक क्षेत्रमा पर्ने सकरात्मक नकरात्मक पक्षको लेखा जोखा गरी वातावरणीय संरक्षणमा जोड दिन अनिवार्य हुनेछ।

(१) गाउँपालिकाले ६० लाख देखि १० करोड सम्म लागत भएका पूर्वाधार आयोजनाहरुको वातावरणीय परीक्षण र १० करोड भन्दा माथिको लागत भएका पूर्वाधारहरुमा वातावरणीय प्रभाव मूल्यांकन गराउनु पर्नेछ।
(२) आयोजनाको वातावरणीय परीक्षण र स्वीकृति गाउँपालिका स्वयंले गर्न सक्नेछ।
(३) वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतिको लागि सोको प्रतिलिपि गाउँपालिकाको सार्वजनिक सूचना पाटीमा टाँस गरी १५ दिनको म्याद सहित सुझाव माग गर्नु पर्नेछ।

**३८. वैक्लिपक उर्जालाई प्रोत्साहन :** पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा वैक्लिपक उर्जालाई प्रोत्साहन गर्नु पर्नेछ।



अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

(१) कुनै घरमा सोलार, बायोग्याँस, सुधारिएको चुल्हो लगायतका वैक्लिपक उर्जा जडान गर्नु अघि वडा कार्यालय मार्फत गाउँपालिकामा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराएमा सरकारबाट पाउने अनुदान वा सहयोग दिइने छैन ।

(२) घरेलु शौचालयलाई बायोग्याँस उत्पादनमा प्रयोग गर्ने वा सेफ्टी ट्यांकी बनाउने घरधुरीलाई गाउँपालिकाले सम्पति कर वा मालपोतमा १० प्रतिशत सम्म छुट दिन सक्नेछ ।

३९. **भू-क्षय नियन्त्रण सम्बन्धी कार्य गर्न सक्ने :** भौतिक पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तार गर्दा प्राकृतिक जमिन खलबलिन गई बाडी पहिरोको सम्भावना हुने भएकोले सम्बन्धित विज्ञबाट भौगर्भिक अध्ययन गराई भू-क्षय नियन्त्रणको प्रविधि र उपायलाई अवलम्बन गर्नु पर्नेछ । विशेष गरी सडक पूर्वाधार निर्माणले भू-क्षय बढ़ी गराउने हुँदा सडक निर्माणको मापदण्डलाई कडाईका साथ लागू गरिनेछ ।

(१) गाउँपालिका भित्रको भू-क्षयग्रस्त क्षेत्रको पहिचान गर्ने, सार्वजनिक जग्गा, पाखो, खोला नाला, सडक किनारामा रुख, बाँस, अम्रिसो, फलफुल जन्य वनस्पतिको वृक्षारोपन गर्न स्थानीय समुदायलाई अनुमति दिन सक्नेछ । विशेष गरी सडक पूर्वाधार निर्माणमा भू-क्षय बढ़ी हुने कुरामा ध्यान दिई सडक नाला निर्माण र उपयुक्त क्रस ड्रेनेज निर्माण गर्नु पर्नेछ ।

(२) भू-क्षय नियन्त्रणको उद्देश्य लिई सम्बन्धित क्षेत्रका व्यक्ति वा समूहले स्थान तोकी वृक्षारोपनका लागि गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(३) वृक्षारोपनका लागि प्रस्तावित क्षेत्र व्यक्तिले चर्चेको जमिन वा अन्य सार्वजनिक आवागमनमा वाधा पुर्याउने खालको हुनु हुँदैन ।

(४) प्रस्तावित स्थल उपयुक्त देखेमा गाउँपालिकाले अधिकतम १५ वर्षका लागि वृक्षारोपन गर्न र सोको उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्नेछ ।

(५) उपरोक्त बमोजिम अनुमति दिँदा सडक छेउको हकमा सम्बन्धित सन्धियारलाई प्राथमिकता दिनु पर्नेछ ।

४०. **फोहोरमैला तथा फोहोरपानी व्यवस्थापन :**

(१) गाउँपालिका भित्र उत्सर्जन हुने ठोस तथा तरल फोहोरहरुलाई यथोचित व्यवस्थापनको लागि व्यवस्थित कार्ययोजना तर्जुमा गर्नु पर्नेछ ।

(२) गाउँपालिका भित्र फोहोर मैला व्यवस्थापनको लागि ल्याण्डफिल साइट निर्माण गर्न अन्य गाउँपालिकासंग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद – १०
## विविध

४१. **अन्तरस्थानिय तह समन्वय :** एक भन्दा बढ़ी गाउँपालिका जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यका लागि गाउँ कार्यपालिकाबाट अनुमोदन गराई गर्नु पर्नेछ ।

४२. **प्रचलित कानून बमोजिम हुने :** यस विधेयकमा लेखिएको विषयमा यसै विधेयक बमोजिम र अन्य विषयमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।



अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

४३. **नियम बनाउन सक्ने :** यस विधेयकको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधी बनाउन सक्नेछ ।

४४. **बचाऊ :** यस वधेयकको उद्देश्य तथा विषयक्षेत्रमा प्रचलित नेपाल कानून बमोजिम यस अघि भएका कार्यहरु यसै विधेयक बमोजिम भएको मानिनेछ ।

**अनुसूची-१**

**दफा २१ संग सम्बन्धित**

(क) स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक, खानेपानी, सिंचाई सम्बन्धी नीति, कानून मापदण्ड, योजना कार्यान्वयन र नियमन,

(ख) स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक, खानेपानी, सिंचाई, झोलुंगे पुल, पुलपुलेसा, पर्यापर्यटन पूर्वाधार सम्बन्धी स्थानीय तहको गुरुयोजना तर्जुमा, निर्माण/स्तरोन्नतिको आयोजना पहिचान, अध्ययन, कार्यान्वयन मर्मत सम्भार र नियमन,

(ग) स्थानीय स्तरमा ट्रली बस, ट्राम, रोपलाईन, केबलकार जस्ता मध्यम स्तरका मास ट्रान्जिट प्रणालीको पहिचान, नीति, मापदण्ड, योजना कार्यान्वयन र नियमन,

(घ) स्थानीय स्तरमा यातायात सुरक्षा व्यवस्थापन र नियमन,

(ङ) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र नियमन,

(च) खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,

(छ) साना तथा लघु जलविध्युत आयोजना, वैक्ल्पिक उर्जा सम्बन्धी स्थानीय स्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, योजना कार्यान्वयन र नियमन,

(ज) स्थानीय विध्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सन्चालन र नियमन,

(झ) स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको सन्चालन र मर्मत सम्भार, सेवा शुल्क निर्धारण र संकलन व्यवस्थापन,

(ञ) स्थानीय तटबन्द, नदी, पहिरो नियन्त्रण तथा नदी, नाला, कुलेसो व्यवस्थापन र नियमन

निर्णय नं. ९ : "मर्स्याङदी गाउँपालिका साना तथा लघु जलविध्युत परियोजना नियमन, सन्चालन तथा व्यवस्थापन विधेयक, २०८० सम्बन्धमा :

मर्स्याङ्दी गाउँपालिकाको ""मर्स्याङदी गाउँपालिका साना तथा लघु जलविध्युत परियोजना नियमन, सन्चालन तथा व्यवस्थापन विधेयक, २०८०माथी दफावर छलफल गरि गाउँसभामा पेश गर्न पारित गर्ने निर्णय गरियो ।

**प्रस्तावना :**

संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको मर्म र भावना अनुसार आम जनताको हक अधिकारको समुचित उपयोगको प्रत्याभूति दिलाउन, आम जनतालाई विकासको प्रतिफलमा समान सहभागिताको अवसर दिलाउन, सामाजिक, साँस्कृतिक एवं आर्थिक सशक्तिकरणमा टेवा पुरयाई



अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

समृद्दीको बाटोमा डोह्याउन विभिन्न संस्थागत सन्चालन तथा व्यवस्थापनको क्रममा विभिन्न विधेयक, नियम तथा कार्यविधी निर्माण गर्नु पर्ने हुन्छ । स्थानीय तह स्थापना पस्चात स्थानीय स्तरका जन समुदायलाई आफ्नो स्थायी बसोबास क्षेत्रको स्थानीय प्राकृतिक श्रोत साधनको समुचित उपयोगको एउटा कडीको रुपमा विध्युत सेवाको सहज उपलब्धता मार्फत जन समुदायको जीवनस्तर सुधारमा सहयोग गर्न, स्थानीय क्षेत्रमा रोजगारको अवसर सिर्जना गर्नुका साथै स्थानीय निकायको अर्थ व्यवस्थामा टेवा पुर्याउने जलश्रोत बलियो माध्यम हुँदा स्थानीय तहमा निर्माण भएका र निर्माण गरिने साना तथा लघु जल विध्युतको नियमन, सन्चालन तथा व्यवस्थापन गर्नका लागि आवश्यक कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले,

नेपालको संविधान बमोजिम स्थानीय सरकार सन्चालन विधेयक, २०७४ को परिच्छेद-३ अन्तर्गत दफा ११ उपदफा २ (ध) बमोजिम कार्य गर्न सोही विधेयकको परिच्छेद-१५ अन्तर्गत दफा १०२ को उपदफा (१) को प्रावधान बमोजिम मर्स्याङ्दी गाउँपालिकाको सभाले **साना तथा लघु जल विध्युतको नियमन, सन्चालन तथा व्यवस्थापन विधेयक, २०८०** पारित गरेको छ।

## परिच्छेद – १
## प्रारम्भिक

४५. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस नाम : **"मर्स्याङ्दी गाउँपालिका साना तथा लघु जलविध्युत परियोजना नियमन, सन्चालन तथा व्यवस्थापन विधेयक, २०८०"** रहेको छ।

(ख) यो विधेयक गाउँपालिका सभाबाट स्वीकृत स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुने छ।

४६. **कार्यक्षेत्र :** यो विधेयकको कार्यक्षेत्र मर्स्याङ्दी गाउँपालिका भरी रहनेछ।

४७. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधेयकमा -

(क) **"स्थानीय सरकार सन्चालन विधेयक"** भन्नाले नेपाल सरकारको स्थानीय सरकार सन्चालन विधेयक, २०७४ लाई सम्झनु पर्दछ।

(ख) **"गाउँपालिका"** भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएको मर्स्याङ्दी गाउँपालिका सम्झनु पर्दछ।

(ग) **"सुपरिवेक्षण समिति"** भन्नाले गाउँपालिका स्तरमा गठन भएको साना तथा लघु विध्युत परियोजना नियमन, व्यवस्थापन तथा सन्चालनका लागि नीति निर्माण गर्ने, नियमन गर्ने, निर्देशन दिने र मुल्यांकन गर्ने एक सर्वोच्च संयन्त्र सम्झनु पर्छ।

(घ) **"समन्वय समिति"** भन्नाले साना तथा लघु विध्युत परियोजना नियमन, व्यवस्थापन तथा सन्चालनका लागि राय सल्लाह दिने तथा समन्वय गर्ने वडा स्तरीय समिति सम्झनु पर्छ।

(ङ) **"विधेयक"** भन्नाले मर्स्याङ्दी गाउँपालिका साना तथा लघु जलविध्युत परियोजना नियमन, सन्चालन तथा व्यवस्थापन विधेयक, २०८० सम्झनु पर्छ।

(च) **"नियमावली"** भन्नाले **मर्स्याङ्दी गाउँपालिका साना तथा लघु जलविध्युत परियोजना नियमन, सन्चालन तथा व्यवस्थापन विधेयक, २०८०** अन्तर्गत निर्माण गरिने नियमावली सम्झनु पर्छ।

(छ) **"अधिकारी"** भन्नाले मर्स्याङ्दी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अधिकार प्रत्यायोजित अधिकारीलाई सम्झनु पर्छ।

(ज) **"कर्मचारी"** भन्नाले यस विधेयक अन्तर्गत नियुक्त भएका विध्युत तथा उर्जा शाखा र परियोजना व्यवस्थापनका लागि गाउँपालिकाबाट नियुक्त भएका कर्मचारीलाई समेत जनाउनेछ।

(झ) **"संस्था"** भन्नाले मर्स्याङ्दी गाउँपालिका भित्र निर्माण भएका साना तथा लघु जलविध्युत उपभोक्ता संस्था र निर्माण गरिने साना तथा लघु जलविध्युत संस्था सम्झनु पर्छ।

(ञ) **"उपभोक्ता"** भन्नाले मर्स्याङ्दी गाउँपालिका भित्र निर्माण भएका साना तथा लघु जलविध्युत परियोजनाबाट विध्युत प्रयोग गर्ने सम्पूर्ण घरधुरी सदस्य सम्झनु पर्छ।



अर्जुन गुरुङ

CamScanner

(ट) **"साधारण सदस्य"** भन्नाले साना तथा लघु जलविध्युत परियोजनाहरुबाट उत्पादित विध्युत उपभोग गर्ने घरधुरीका सदस्यहरु मर्स्याङ्दी गाउँपालिकाको विधेयक, नियमावली र नीति नियमको पालना गर्न मन्जुर गरी नियमानुसार सदस्य भएका विध्युत उपभोक्ताहरु वा व्यक्तिहरुलाई सम्झनु पर्छ।

(ठ) **"साधारण सभा"** भन्नाले संस्थाको वार्षिक साधारण सभा र विशेष साधारण सभा समेतलाई जनाउँछ।

(ड) **"साधारण सदस्यता"** भन्नाले संस्थाबाट औपचारिक रुपमा सदस्यता प्रमाण पत्र लिएको घरलाई जनाउँछ र सदस्यताको संस्थामा उपस्थिती हुँदा दफा ११ उपदफा (१) (३) अनुरुपको उक्त घरको योग्यता पुगेका महिला वा पुरुषलाई जनाउँछ।

(ढ) **"कोष"** भन्नाले गाउँपालिका मूल सन्चित कोषलाई सम्झनु पर्दछ।

(ण) **"परियोजना व्यवस्थापन समिति"** भन्नाले यस विधेयक बमोजिम परियोजना कार्यक्षेत्र भित्रका उपभोक्ता घरधुरीबाट गठन भएको अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र अन्य सदस्यहरुलाई सम्झनु पर्दछ।

(त) **"उपसमिति"** भन्नाले गाउँपालिकाद्वारा यस विधेयक बमोजिम कुनै निश्चित कार्य गर्नका लागि अवधि तोकी गठन गरिएको उपसमिति समेतलाई सम्झनु पर्दछ।

(थ) **"कार्यविधी"** भन्नाले गाउँपालिकाले साना तथा लघु जलविध्युत परियोजना व्यवस्थापनका लागि तयार गरी कार्यपालिकाबाट पारित गरिएको दस्तावेजलाई सम्झनु पर्दछ।

४८. **विधेयकको पालना गर्नुपर्ने :** यस मर्स्याङ्दी गाउँपालिका भित्र निर्माण भएका र निर्माण गरिने साना तथा लघु जलविध्युत परियोजना संस्था, परियोजना व्यवस्थापन समिति, उपभोक्ता तथा यस विधेयक अन्तर्गत गठन भएका सबै संयन्त्र, समिति र उपसमितिले यो विधेयकको पूर्ण रुपमा पालना गर्नु पर्छ।

## परिच्छेद – २
## लक्ष्य, उद्देश्य एवं कार्य

४९. **लक्ष्य :** यस मर्स्याङ्दी गाउँपालिका भित्र निर्माण भएका र निर्माण गरिने साना तथा लघु जलविध्युतहरुको नियमन, व्यवस्थापन र सन्चालन गरी आम उपभोक्ता घरधुरीलाई सहज रुपमा विध्युत सेवा उपलब्ध गराई जिवनस्तरमा सुधार ल्याउने र गाउँपालिका/स्थानीय तहको आन्तरिक आम्दानीको श्रोत जुटाउने।

५०. **उद्देश्य : संस्थाको मुख्य उद्देश्य निम्न अनुसार हुनेछन –**

(१) विधेयकको लक्ष्य हासिल गर्न साना तथा लघु जलविध्युत परियोजनाको असल व्यवस्थापन मार्फत नियमित रुपमा सन्चालन गरी सेवा प्रवाह गर्ने।

(२) कार्यक्षेत्र भित्रका उपभोक्ताहरुलाई विध्युतको ग्राहस्थ उपभोगका साथै आयमूलक एवम् उद्यमशील क्रियाकलापहरु सन्चालनका लागि नियमित विध्युत सेवा उपलब्ध गराउन आवश्यक व्यवस्थापन गर्ने।

(३) कार्यक्षेत्र भित्रका उपभोक्ताहरु एवम् कर्मचारीहरुलाई विध्युत प्रणाली र उपकरण मर्मत सम्बन्धी आवश्यक तालिमका कार्यक्रमहरु सन्चालन गर्ने।

(४) अधिकतम विध्युत खपत हुने बेलुकाको समय बाहेक अन्य समयमा विध्युत खपत बढाउने खालको आयमूलक क्रियाकलापहरु प्रवर्द्धन गरी कार्यक्षेत्र भित्र सामाजिक तथा आर्थिक विकास र वातावरण संरक्षण र संवर्द्धन गर्ने।



अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

(५) उत्पादित विध्युत शक्तिको उपलब्धता, क्षमताले भ्याए सम्म स्थानीय उपभोक्ताहरुलाई अधिकतम विध्युत उपयोग गर्ने प्रोत्साहनबाट परम्परागत दाउरे चुल्हो विस्थापन गर्ने प्रयास गरी वन पैदावार, जैविक विविधता, पर्यावरण/वातावरण संरक्षण संवर्द्धनको उद्देश्य पुरा गर्ने।

(६) परियोजना व्यवस्थापन समिति, उपभोक्ताको संस्थागत विकास र साना तथा लघु जलविध्युत परियोजनाको दिगोपनका लागि आवश्यक रकम जुटाई उचित व्यवस्थापन गर्ने।

(७) कार्यक्षेत्र भित्रका उपभोक्ताहरु बीच स्वावलम्बनको ज्ञान, पारस्परिक सहयोग र मितव्ययिताको भावना सिर्जना गर्ने।

(८) कार्यक्षेत्र भित्र सम्भव भएको साना तथा लघु जलविध्युत निर्माण, व्यवस्थापन तथा सन्चालन मार्फत विध्युत उत्पादन गरी स्थानीय तहको आन्तरिक आम्दानी वृद्दी गर्ने।

(९) लघु जलविध्युत योजनाबाट उत्पादित विध्युतबाट हुने जोखिम तथा खतराबाट बच्न सही तरिकाले विध्युत प्रयोग सम्बन्धी शिक्षा दिने।

(१०) विध्युतको सहज उपलब्धता मार्फत शिक्षा, स्वास्थ्य र आई. टि. प्रविधि संगको पहुँच र प्रयोगमा वृद्दी गरी सामाजिक, साँस्कृतिक एवं आर्थिक सशक्तिकरणमा टेवा पुरयाई उत्पादित जनशक्तिलाई बजारीकरण गर्न सहयोग पुर्याउने।

५१. **कार्यहरु :** संस्थाले यस विधेयकको दफा ६ बमोजिमका उद्देश्यहरु पूरा गर्न प्रचलित जलश्रोत र वातावरणसंग सम्बन्धित विधेयक, नियम एवम् निर्देशिकाहरुको पूर्ण पालना गरी निम्न कार्यहरु गर्नेछ –

(१) **विध्युत उत्पादन :**

(क) कार्यक्षेत्र भित्रका उपभोक्ता सदस्यहरुको विध्युत आवश्यकता को पहिचान गर्ने।

(ख) उपभोक्ताहरुको आवश्यकता बमोजिमको विध्युत उत्पादन गर्ने।

(ग) आवश्यकता अनुसार विध्युत गृह निर्माण गर्ने।

(घ) विध्युत उत्पादन प्रणालीको उचित मर्मत सम्भार गर्ने।

(ङ) आवश्यकता अनुसार अन्य निकाय संग सहयोग र सल्लाह लिने दिने।

(च) आवश्यकता परेको खण्डमा विध्युत खरिद तथा बिक्री गर्ने।

(२) **विध्युतीकरण/वितरण :**

(क) कार्यक्षेत्र भित्र आवश्यकता अनुसार विध्युतीकरण गर्ने।

(ख) विध्युत महशुल निर्धारण गर्ने।

(ग) विध्युतीकरण र वितरण प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउने।

(छ) सुपरिवेक्षण समितिले तय गरेका नीति नियम अनुरुप अन्य संग संस्थाहरुलाई विध्युत बिक्री गर्ने र कार्यक्षेत्र भित्रका उपभोक्ताहरुलाई उचित विध्युत सेवा उपलब्ध गराउने।

(३) **अन्य कार्य :**

(क) साना तथा लघु जलविध्युत परियोजनाहरुको संरक्षण र संवर्द्धन बारे उपभोक्ताहरुलाई चेतना जगाउने।

(ख) विध्युतको उपयोग, सुरक्षा, शक्ति सन्चय, न्यूनतम मर्मत सम्भार सम्बन्धी तालिम, छलफल, अन्तरक्रिया तथा अवलोकन भ्रमण सन्चालन र व्यवस्थापन गर्ने।

(ग) लैंगिक एवम् सामाजिक समावेशीकरणका अवधारणा अनुसारका चेतनामूलक क्रियाकलापहरु (वातावरण संरक्षण, सरसफाई, वृक्षारोपन, सुरक्षित खानेपानी प्रयोग र पूर्ण सरसफाई) सन्चालन गर्ने।

(घ) कार्यक्षेत्र भित्र गाउँपालिकाको उद्देश्य पूर्ति गर्न तथा उपभोक्ताहरुको हक हितका लागि प्रचलित कानूनको अधीनमा रही सहकारी तथा अन्य निकायहरुसंग सम्बन्ध स्थापना गरी सहकार्य, समन्वय गर्दै विध्युतको दिगोपना र उत्पादनको क्षेत्रमा अधिकतम प्रयोगका लागि आवश्यक व्यवस्था मिलाउने।

(ङ) उपभोक्ताहरुको सामुदायिक हित अभिवृद्दि सम्बन्धी कार्य गर्ने।



अर्जुन गुरुङ

CamScanner

## परिच्छेद – ३
## संस्थागत तथा संरचनागत व्यवस्था

**५२.संस्थागत तथा संरचनागत व्यवस्था :**

(१) गाउँपालिका भित्र निर्माण भएका र निर्माण गरिने साना तथा लघु जलविध्युत परियोजनाकोहरुको नियमन, व्यवस्थापन तथा सन्चालनका लागि देहाय बमोजिम संस्थागत तथा संरचनागत व्यवस्था गरिनेछ –

(क) निर्देशक समिति

(ख) समन्वय समिति

(ग) परियोजना व्यवस्थापन समिति

(२) **संरचनागत व्यवस्था :** यस गाउँपालिका भित्र निर्माण भएका र निर्माण गरिने साना तथा लघु जलविध्युत परियोजनाकोहरुको नियमन, व्यवस्थापन तथा सन्चालनका लागि नीति तर्जुमा गर्न, निर्देशन दिन र आवश्यक निर्णय गर्न गाउँपालिका स्तरमा दफा ८ को उपदफा (१) बमोजिमको देहाय अनुसार निर्देशक समिति गठन गरिनेछ।

### निर्देशक समितिको संरचना

| | |
|---|---|
| (१) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| (२) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (३) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (४) वडा अध्यक्षहरु | सदस्य |
| (५) भौतिक पूर्वाधार शाखा प्रमुख एवम् प्रमुखले तोकेको प्रतिनिधि | सदस्य |
| (६) योजना शाखा प्रमुख एवम् प्रमुखले तोकेको प्रतिनिधि | सदस्य |
| (७) गाउँपालिका विध्युत तथा उर्जा शाखा प्रमुख | सदस्य सचिव |
| (८) जलश्रोत/जलविध्युत विज्ञ | आमन्त्रित सदस्य |

माथी दफा ८ को उपदफा २ बमोजिम गठन भएको निर्देशक समितिले आवश्यक ठानेमा विध्युत क्षेत्रमा काम गर्ने विज्ञलाई आमन्त्रित सदस्यका रुपमा बैठकमा आमन्त्रित गर्न सकिनेछ।

**५३.निर्देशक समितिको काम कर्तव्य र अधिकार :**

(१) गाउँपालिका स्तरीय निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क) साना तथा लघु जलविध्युत परियोजनाकोहरुको नियमन, व्यवस्थापन तथा सन्चालन र कर्मचारी व्यवस्थापनका लागि आवश्यक नियमावली र कार्यविधी निर्माण गरी पारित गर्न कार्यपालिकामा पेश गर्ने।

(ख) स्वीकृत विधेयक, नियमावली तथा कार्यविधी अनुरुप परियोजना सन्चालन भए नभएको नियमन र अनुगमन गर्ने, निर्देशन दिने तथा परियोजना व्यवस्थापन समिति र वडा समन्वय समिति मार्फत आएका सल्लाह, सुझाव कार्यन्वयन गर्ने।



अर्जुन गुरुङ

(ग) साना तथा लघु जलविध्युत परियोजना सहयोगको लागि मर्स्याङ्दी गाउँपालिकामा स्थापना भएको विध्युत तथा उर्जा शाखाको प्रतिवेदन अध्ययन गरी आवश्यकता अनुसार कारवाही अगाडी बढाउने।

(घ) परियोजना सन्चालनका लागि विध्युत तथा उर्जा शाखाको प्रतिवेदन तथा वार्षिक कार्यक्रम अध्ययन तथा आवश्यक छलफल गरी स्वीकृत गर्ने र गाउँपालिका भरी रहेका जलविध्युत परियोजनाहरु सन्चालनका लागि आवश्यक बजेट व्यवस्थापन गर्न गाउँ कार्यपालिकामा पेश गर्ने।

(ङ) सन्चालित परियोजनाहरुको अनुगमन, मूल्यांकन गरी प्रभाव अध्ययन गर्ने र थप सुधारका लागि निर्देशन गर्ने।

(च) विध्युत महशुल निर्धारण गरी स्वीकृतिको लागि राजस्व परामर्श समितिमा पेश गर्ने।

(छ) वडा स्तरीय समन्वय समितिबाट सिफारिस भए बमोजिम विध्युत महशुल कम वा छुट गर्न सक्ने।

(ज) आवश्यक कर्मचारी नियुक्तिका लागि कार्यपालिकालाई सिफारिस गर्ने।

(झ) नियम बमोजिम अन्य आवश्यक कार्य गर्ने।

(२) **निर्देशक समितिको बैठक सम्बन्धी व्यवस्था** : निर्देशक समितिको बैठक कम्तिमा ३ महिनाको १ पटक बस्नेछ। निर्देशक समितिले आवश्यक ठानेमा बैठक जुनसुकै बेला पनि बस्न सक्नेछ।

(३)

**१४. समन्वय समिति :**

(१) गाउँपालिका भित्र निर्माण भएका र निर्माण गरिने साना तथा लघु जलविध्युत परियोजनाकोहरुको नियमन, व्यवस्थापन तथा सन्चालनका लागि नीति तर्जुमा गर्ने कार्यमा समन्वय गर्न र निर्देशक समितिलाई आवश्यक निर्णय गर्न सहयोग पुर्याउन प्रत्येक वडामा देहाय अनुसारको एक समन्वय समिति गठन गरिनेछ।

(२) दफा १० को उपदफा (१) बमोजिम गठन हुने वडा स्तरीय समन्वय समितिको संरचना देहाय अनुसारको हुनेछ -

| | | |
|---|---|---|
| (क) | वडा अध्यक्ष | अध्यक्ष |
| (ख) | वडा महिला सदस्य १ जना | सदस्य |
| (ग) | परियोजना व्यवस्थापन समिति अध्यक्ष | सदस्य |
| (घ) | परियोजना प्रबन्धक वा अपरेटर १ जना | सदस्य |
| (ङ) | वडा कार्यालयको सचिव | सदस्य सचिव |

(३) समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वडा भित्र सन्चालनमा रहेका साना तथा लघु जलविध्युत परियोजनाहरु सन्चालनको अवस्था बारे जानकारी लिने।

(ख) वडा भित्र सन्चालनमा रहेका साना तथा लघु जलविध्युत परिप्रयोगको लागि सम्भावित क्षेत्र पहिचान गरी सो क्षेत्रमा विध्युत उपलब्धताका लागि आवश्यक पहल गर्न निर्देशक समितिलाई जानकारी गराउने।

(ग) विध्युत महशुल निर्धारणका लागि निर्देशक समितिलाई आवश्यक सुझाव दिने।

(घ) विध्युत महशुल छुटका लागि आधार सहित निर्देशक समितिलाई सिफारिस गर्ने।

(ङ) आफ्नो कार्यक्षेत्र भित्र सन्चालित साना तथा लघु जलविध्युत परियोजनाको नियमन, अनुगमन गरी दिगो सन्चालन तथा व्यवस्थापनका लागि आवश्यक सुझाव दिने।

(च) विधेयक, नियमावली, कार्यविधी, निर्देशन तथा परिपत्रको कार्यान्वयन भए नभएको एकिन गरी कार्यान्वयन गर्न गराउन लगाउने।



अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

(छ) नियमानुसार सन्चालन भए नभएको एकिन गरी परियोजना दिगो सन्चालन तथा व्यवस्थापनका लागि थप राय सुझाव सहितको प्रतिवेदन निर्देशक समितिमा पेश गर्ने।

(ज) महशुल संकलन गरी अभिलेख राख्ने कार्य वडा स्तरीय समन्वय समितिले गर्नेछ।

(४) समन्वय समितिको बैठक सम्बन्धी व्यवस्था :

वडा स्तरीय समन्वय समितिको बैठक कम्तिमा दुई महिनाको १ पटक बस्नेछ। वडा स्तरीय समन्वय समितिले आवश्यक ठानेमा बैठक जुनसुकै बेला पनि बस्न सक्नेछ।

## परिच्छेद – ४
## परियोजना व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**५५. परियोजना व्यवस्थापन समिति गठन :**

(१) परियोजनाको कार्यक्षेत्र भित्र रहेका घरधुरी मध्येका (महिला वा पुरुष) एक जनाले संस्थाको साधारण सदस्य हुन चाहेमा निवेदन पेश गरी घरधुरी संस्थाको साधारण सदस्य हुनेछ। साना तथा लघु जलविध्युत परियोजनाको समुदाय स्तर तथा उपभोक्ता स्तरमा परियोजनाको सन्चालन तथा व्यवस्थापन गर्न कुल सदस्यको ३३ प्रतिशत महिला (यदी महिला सदस्य भएमा) सहित बढीमा ७ देखि ११ सदस्यीय एक परियोजना व्यवस्थापन समिति गठन गरिनेछ ।

(२) परियोजना व्यवस्थापन समिति गठन प्रक्रिया :

(क) परियोजना व्यवस्थापन समिति साधारण सभा बहुमतबाट गठन हुनेछ।

(ख) परियोजना व्यवस्थापन समिति गठनमा समन्वयकारी भूमिका निर्वाह गर्नेछ।

(३) साधारण सदस्यको योग्यता देहाय बमोजिम हुनेछ -

(क) नेपाली नागरिकता प्राप्त गरी १८ वर्ष उमेर पुगेको एक घर एक सदस्य।

(द्रस्टव्य : सदस्य घरका महिला वा पुरुष जो पनि हकवाला सदस्य हुनेछन् र संस्थाको पदीय जिम्मेवारी वहन गर्ने शिलसिलामा त्यस घरबाट महिला वा पुरुष जो पनि सदस्य हुन सक्नेछ ) ।

(ख) संस्थाको विध्युत उपभोग गर्ने व्यक्ति

(ग) विधेयकको पालना गर्न मन्जुर भएको

(घ) मानसिक सन्तुलन ठिक भएको

(ङ) प्रचलित विधेयक कानूनले अयोग्य नठहरिएका

(च) संस्थाको कार्यक्षेत्र भित्र बसोवास गरेको

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको विध्युत शक्ति उपभोग गर्न चाहने संस्थाको कार्यक्षेत्र भित्र रहेको सरकारी कार्यालय, कानून बमोजिम सार्वजनिक हितका लागि स्थापित विद्यालय, कलेज एवम् अन्य सामाजिक संघ संस्था वा उद्योगहरुलाई विध्युत उपभोग गर्नका लागि ग्राहक सदस्य बन्न बाधा पर्ने छैन।

(५) साधारण सदस्यहरुको काम, कर्तव्य, अधिकार र दायित्व देहाय बमोजिम हुनेछन् :

(क) संस्थाको साधारण सभामा भाग लिने।

(ख) संस्थाको हित र विकासका निम्ति संलग्न हुने, सहयोग पुर्याउने।

(ग) साधारण सभा, परियोजना व्यवस्थापन समिति तथा अन्य उपसमितिहरुले गरेको निर्णयको पालना गर्ने।

(घ) विधेयक, नियमावली तथा कार्यविधी पालना गर्ने गराउने कार्यमा दत्तचित्त रहने।

(ङ) संस्थालाई विध्युत लाइन निर्माण, विस्तार र वितरण गर्न आवश्यक परेको अवस्थामा संस्थाका प्रत्येक सदस्यले आफ्नो स्वामित्वमा रहेको जग्गा जमिनको तल, माथी सतह भएर जान आउन र निर्माणका लागि जग्गा उपलब्ध गराउने।



अर्जुन गुरुङ
अध्यक्ष

(च) संस्थालाई विध्युत शक्ति उत्पादनका लागि आवश्यक पर्ने जनश्रम उपभोक्ताहरुबाट परियोजना व्यवस्थापन समितिले गरेको निर्णय अनुसार उपलब्ध गराउने।

(छ) संस्थाका सदस्यहरु वा उपभोक्ताहरुका लागि विध्युत सेवा उपलब्ध गराउने सिलसिलामा मुख्य लाईन, शाखा लाईन र अन्य संरचनाहरु निर्माण, निरीक्षण, सन्चालन, मर्मत सम्भार, सुधार, स्थानान्तरण, पुन:स्थापना गर्ने कार्यमा सहयोग गर्ने।

(६) सदस्यले एक व्यक्ति एक मतको आधारमा साधारण सभाको निर्णयमा र समितिहरुको निर्वाचनमा भाग लिन पाउने छ।

(७) संस्थाले गरेको सबै कारोबार प्रति संस्थाका प्रत्येक सदस्यले सजक रही जानकारी लिइरहने र संस्थाको सन्चालन प्रक्रियामा दुरुपयोग र अनियमित्ता हुन नदिन सक्रिय दायित्व निर्वाह गर्ने।

(८) **साधारण सदस्य प्रवेश शुल्क :** विधेयक दफा ११ उपदफा (३) अनुसार सदस्यताको लागि दिईएको निवेदन स्वीकार भएको अवस्थामा सदस्यता प्रवेश शुल्क वापत रु .५००/- (पाचँ सय मात्र ) बुझाई सदस्यता उपलब्ध गराइनेछ। एक पटक सदस्य भई सकेपछि संस्थाबाट विध्युत प्रयोग गरी र विध्युत लाईन नकाटिए सम्म सो सदस्यता कायम रहनेछ।

(९) **साधारण सदस्य हुनको लागि आवेदन दिनु पर्ने :**

(क) संस्थाको कार्यक्षेत्र भित्रका व्यक्ति वा सरकारी कार्यालय वा कानून बमोजिम सार्वजनिक हितका लागि स्थापित शिक्षण संस्थाहरु एवम् अन्य सामाजिक संघ संस्था वा उद्योगले विध्युत उपभोगका लागि सदस्यता प्राप्त गर्न उपभोक्ता समिति समक्ष निवेदन दिनु पर्नेछ।

(ख) परियोजना व्यवस्थापन समितिले सदस्यता नदिने निर्णय गरेमा त्यस्तो व्यक्तिले साधारण सभा समक्ष पुनरावेदन गर्न सक्नेछ। सदस्यता सम्बन्धमा साधारण सभाको निर्णय अन्तिम हुनेछ।

(ग) संस्थाको सदस्यता समाप्त भएको व्यक्तिले पुन: सदस्यता प्राप्त गर्न त्यस अवधि सम्मको सम्पूर्ण विध्युत महशुल भुक्तानी गरेमा नियमानुसार पुन:सदस्यता प्राप्त गर्न सक्नेछ।

(घ) कार्य क्षेत्र भित्र बसोवास गर्ने व्यक्तिहरुलाई कुनै पनि कारणले विध्युत उपभोग गर्नबाट वन्चित गरिने छैन। तर नियमित रुपमा विध्युत महशुल नबुझाएमा उपभोक्ता समितिले उपभोक्ताहरुलाई सेवा उपलब्ध गराउन बाध्य हुने छैन।

(१०) परियोजना व्यवस्थापन समितिको पदावधि बढीमा ३ (तीन) वर्षको हुनेछ।

**५६. परियोजना व्यवस्थापन समिति काम कर्तव्य र अधिकार :**

(क) विध्युत उपभोक्ता घरधुरीको अभिलेख राख्ने।

(ख) विध्युत उपभोग गरे वापतको महशुल संकलनको अभिलेख राख्ने।

(ग) आम्दानी खर्च विवरणको अभिलेख राख्ने।

(घ) मर्मत सम्भारको कार्य गर्ने गराउने।

(ङ) मर्मत कार्यको लागि सम्झौता गर्ने।

(च) आम्दानी खर्च विवरण, कर्मचारी परिचालन, परियोजना सन्चालनको अवस्था र आगामी सुधार गर्नु पर्ने कार्यका लागि सुझाव सहितको प्रतिवेदन विध्युत तथा उर्जा शाखा मार्फत निर्देशक समितिमा पेश गर्ने।

(छ) निर्देशक समिति, समन्वय समितिले दिएको निर्देशन अनुसारको कार्य गर्ने गराउने।

**परिच्छेद – ५**



अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

गाउँपालिका कार्यपालिकाको कार्यालय, घुमघुम्ले, लमजुङ, गण्डकी प्रदेश, नेपाल

## विध्युत तथा उर्जा शाखा सम्बन्धी व्यवस्था

**५७. गाउँपालिका स्तरमा एउटा विध्युत तथा उर्जा शाखा देहाय अनुसार हुनेछ :**

| | |
|---|---|
| (क) प्रविधिक शाखा प्रमुख | १ जना |
| (ख) सव ईन्जीनीयर | २ जना |

**५८. विध्युत तथा उर्जा शाखाको काम कर्तव्य र अधिकार :**

(क) गाउँपालिका भित्र सन्चालनमा रहेका साना तथा लघु जलविध्युत परियोजनाकोहरुको अभिलेख राख्ने।

(ख) परियोजनाकोहरुको सन्चालन अवस्था बारे अध्यावधिक जानकारी राख्ने।

(ग) कर्मचारी परिचालन तथा सोको प्रभाव अध्ययन गर्ने।

(घ) आकस्मिक तथा नियमित मर्मत सम्भारको योजना तयार पारी कार्यान्वयन गर्ने गराउने।

(ङ) आकस्मिक तथा नियमित मर्मत सम्भारका लागि वार्षिक कार्यक्रम तथा बजेट तयार पारि आवश्यक बजेट व्यवस्थापनका लागि निर्देशक समितिमा पेश गर्ने।

(च) निर्देशक समितिले तोके अनुसार कर्मचारी नियुक्ति, परिचालन र कार्य सम्पादन गर्ने।

(छ) आवध्यिक प्रतिवेदन पेश गर्ने।

(ज) उर्जा सम्बन्धी अन्य कार्य गर्ने।

(झ) विध्युत महशुलबाट संकलन भएको राजस्व सम्बन्धित खातामा जम्मा गर्ने।

(ञ) गाउँपालिका भरिका परियोजनाहरुबाट संकलन गरेको विध्युत महशुलको अध्यावधिक अभिलेख राख्ने।

## परिच्छेद – ६
## परियोजना वर्गिकरण, व्यवस्थापन तथा सन्चालन सम्बन्धी व्यवस्था

**५९. गाउँपालिका भित्र निर्माण भएका र निर्माण गरिने साना तथा लघु जलविध्युत परियोजनाकोहरुको वर्गिकरण देहाय अनुसार हुनेछ :**

| | |
|---|---|
| (क) १ किलोवाट देखि १५ किलोवाट सम्म | ङ स्तर |
| (ख) १६ किलोवाट देखि २५ किलोवाट सम्म | घ स्तर |
| (ग) २६ किलोवाट देखि ५० किलोवाट सम्म | ग स्तर |
| (घ) ५० किलोवाट देखि १०० किलोवाट सम्म | ख स्तर |
| (ङ) १०१ किलोवाट देखि १००० किलोवाट सम्म | क स्तर |

**६०. परियोजना सन्चालनका लागि आवश्यक मानव शंसाधनको व्यवस्थापन देहाय अनुसार गरिनेछ :**

(क) साना तथा लघु जलविध्युत परियोजनाको स्तर, लाभान्वित घरधुरी तथा कार्यक्षेत्रका आधारमा समन्वय समितिसंगको समन्वयका आधारमा निर्देशक समितिले साना तथा लघु जलविध्युत परियोजना सन्चालनका लागि आवश्यक कर्मचारी व्यवस्थापन गरी परिचालन गर्नेछ।

(ख) परियोजनाको लागि व्यवस्थापन गरिने कर्मचारीको सेवा सुविधा निर्देशक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद – ७
## साना तथा लघु जलविध्युत परियोजना सन्चालन सम्बन्धी व्यवस्था तथा प्रक्रिया



अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

६१. यस मर्स्याङ्दी गाउँपालिका भित्र निर्माण भएका र निर्माण गरिने साना तथा लघु जलविध्युत परियोजना यस विधेयक अन्तर्गत सन्चालन गर्न गराउन देहायका प्रक्रिया पुरा गर्नु पर्नेछ।

(क) साना तथा लघु जलविध्युत संस्थाको स्वीकृत विधान तथा कार्यविधी अनुसार उपभोक्ता संस्थाको बैठक गर्ने।

(ख) उपभोक्ता संस्थाको बैठकबाट साविक नियमानुसार साधारण सभा गर्ने

(ग) साधारण सभाबाट संस्थाको साविकको विधान खारेजी गरी मर्स्याङ्दी गाउँपालिकाको साना तथा लघु जलविध्युत परियोजना नियमन, व्यवस्थापन तथा सन्चालन विधेयक , २०८० को व्यवस्था अनुसार सन्चालन गर्ने गरी निर्णय गर्ने।

(घ) संस्थाको चल, अचल सम्पतिको अभिलेख तयार पारि पारित गर्ने।

(ङ) हस्तान्तरण तथा बरबुझारथ गर्ने।

## परिच्छेद – ८
## विध्युत महशुल निर्धारण, संकलन तथा कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्था

**६२. विध्युत महशुल निर्धारण :**

(१) महशुल निर्धारणका लागि वडा स्तरीय समन्वय समितिको समन्वयमा सुपरिवेक्षण समितिले देहायका आधारमा विध्युत प्रयोगको प्रकार वर्गिकरण गरी दर रेट निर्धारण गरी अनुमोदनका लागि कार्यपालिका समक्ष सिफारिस गर्नेछ प्रत्येक वर्ष सुपरिवेक्षण समितिले समय सान्दर्भिक विध्युत महशुल दर उपभोक्ता समितिलाई सिफारिस गर्नेछ।

(२) **दफा १८ को उपदफा (१) बमोजिम दर निर्धारणका लागि देहाय बमोजिम** वर्गिकरण भएका सुविधाका आधारमा महशुल दर निर्धारण गरिनेछ।

**(क) आधारभूत स्तर (घरायसी प्रयोग)**

क) प्रति घर　　ख) प्रति युनिट　　ग) प्रति वाट

घ) समयावधि – वार्षिक, अर्धवार्षिक, मासिक, मौसम अनुसार

ङ) प्रति बल्ब　　छ) छुट सम्बन्धी व्यवस्था

**(ख) मध्यम स्तर**

ख) टि. भि.　　ख) फ्रिज,　　ग) विध्युत चुल्हो　　ग) वासिंग मेसिन

**(ग) उच्च स्तर (व्यवसायिक प्रयोग)**

क) काष्ठ उद्योग　ख) खाध्य मिल　ग) लघु उद्योग　घ) फोटो स्टुडियो, फोटो कपि सेन्टर

माथी दफा १८ को उपदफा २(ख) र (ग) उल्लेख भएका क्षेत्रमा प्रयोग हुने विध्युत उपलब्ध गराइदा आधारभूत तहको विध्युत सेवालाई बन्चित हुने गरी विध्युत उपलब्ध गराउन बाध्य हुने छैन।

**६३. विध्युत उपभोग गर्ने घरधुरी तथा घरेलु उद्योगले आफुले प्रयोग गर्ने विध्युत तथा सन्चालन गर्न खोजेको व्यवसाय खुल्ने गरी अनुसूची ३ को फाराम भरी परियोजना व्यवस्थापन मार्फत वडा समन्वय समितिको सिफारिसमा निर्देशक समितिमा पेश गर्नु पर्नेछ।**

**६४. महशुल असुली सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :**

(क) समितिले विध्युत महशुलका लागि मिटर रिडिङ प्रत्येक महिनाको २५ गते देखि मसान्त सम्म गरी सक्ने व्यवस्था मिलाउने छ।

(ख) मिटर रिडिङबाट प्राप्त बिल बमोजिमको विध्युत महशुल रकम प्रत्येक महिनाको २५ गते भित्र कार्यालयमा बुझाई सक्नु पर्नेछ। महशुल बुझाउने सम्बन्धी नियम र प्रक्रिया संस्था सदस्यता एवम् महशुल संकलन कार्डमा उल्लेख गरिनेछ।



अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

(ग) मिटर रिडिङ कै समयमा वा रिडिङ गरेको ७ दिन भित्र महशुल बुझाएमा ५ प्रतिशत छुटको व्यवस्था गरिनेछ।

(घ) मिटर रिडिङ गरेको ७ देखि १५ दिन भित्र महशुल बुझाएमा बिलकै रकम भुक्तानीको व्यवस्था गरिनेछ।

(ङ) मिटर रिडिङ गरेको १५ देखि ३० दिन पछि महशुल बुझाएमा १० प्रतिशत थप रकम जरिवाना गरिनेछ।

(च) दोश्रो महिनाको मिटर रिडिङ गर्दा सम्म पनि महशुल नबुझाएमा थप २० प्रतिशत रकम जरिवाना गरिनेछ।

(छ) तेश्रो महिनाको मिटर रिडिङ गर्दा सम्म पनि महशुल नबुझाएमा थप ३० प्रतिशत रकम जरिवाना गरिनेछ।

(ज) चौथो महिनाको मिटर रिडिङ गर्दा सम्म पनि महशुल नबुझाएमा थप ४० प्रतिशत रकम जरिवाना गरिनेछ।

(झ) पाँचौ महिनाको मिटर रिडिङ गर्दा सम्म पनि महशुल नबुझाएमा थप ५० प्रतिशत रकम जरिवाना गरिनेछ।

(ञ) छैटो महिनाको मिटर रिडिङ गर्दा सम्म पनि महशुल नबुझाएमा सम्बन्धित घरको विध्युत लाईन काटिनेछ र पुन: जडान गर्न अब उप्रान्त नियमको पालना गर्ने प्रतिवद्दता सहित लिखित निवेदन र जडान खर्च वापतको रकम भुक्तानी गर्नु पर्नेछ।

(ट) माथी उल्लिखित नियमका अतिरिक्त वडा समन्वय समितिको सिफारिसमा निर्देशक समितिले महशुल नबुझाउने घरधुरीको कालो सूची तयार पारी उक्त घरधुरी सदस्यलाई गाउँपालिका भित्रका सरकारी कार्यालयबाट उपलब्ध गराइने सेवा सुविधा रोक्का गर्न पत्राचार गर्न सक्नेछ।

**६५. गाउँपालिका भित्र रहेका साना तथा लघु जलविध्युत परियोजनाहरुको व्यवस्थापन तथा सन्चालनका लागि कर्मचारी नियुक्ति, व्यवस्थापन तथा परिचालन देहाय बमोजिम गरिनेछ –**

(क) विध्युतको उत्पादन क्षमता, लाभान्वित घरधुरी र भौगोलीक विकटता हेरी आवश्यक कर्मचारी नियुक्तिका लागि निर्देशक समितिले गाउँपालिका समक्ष सिफारिस पेश गर्नेछ।

(ख) कर्मचारी छनौटका लागि न्यूनतम तालिम, कार्य अनुभव र कर्मचारीको लगनशिलता हेरिनेछ।

(ग) कर्मचारीको उमेर १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको हुनु पर्नेछ।

(घ) विध्युत परियोजनामा कार्यरत वा अनुभव प्राप्तलाई प्राथमिकता दिईनेछ।

(ङ) प्रचलित कानूनले अयोग्य नठहरिएको हुनु पर्नेछ।

६६. **विविध :** यस विधेयकको उद्देश्य प्राप्तिको लागि गाउँ कार्यपालिकाले विध्युत तथा उर्जा शाखाको सहयोगमा समयानुसार अन्य नियमावली, कार्यविधी र निर्देशिका तयार पार्न सकिनेछ।

६७. **विध्युत वितरण सम्बन्धी व्यवस्था :** संस्थाको कार्यक्षेत्र भित्रका व्यक्तिले यस विधेयकमा भएको व्यवस्था बमोजिम समय समयमा तय गरेको विध्युत महशुल दर अनुसारको रकम मासिक रुपमा तिर्ने गरी उपभोक्ता सदस्यताको लागि दिइने निवेदन वा सेवा लिने फाराममा उल्लेख गरी संस्थाले उपलब्ध गराउन सक्ने सम्म विध्युत सेवा प्राप्तिका लागि निवेदन दिनु पर्नेछ। यसका लागि संस्थाले कुनै निवेदकलाई संस्थाको विध्युत क्षमता अनुसार कति विध्युत शक्ति आपूर्ति गर्ने भन्ने निर्णय गर्नेछ। प्रत्येक उपभोक्ता सदस्यले संस्थालाई तिर्न, बुझाउनु पर्ने सम्पूर्ण रकम बाँकी बक्यौता दस्तुर बुझाउनु पर्नेछ।



अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

६८. **साधारण सदस्यता र विध्युत उपभोक्ता दर्ता किताब :** समितिले साधारण सदस्य र विध्युत उपभोक्ता घरधुरीहरुको अलग अलग दर्ता किताब अनुसूची-१ र अनुसूची-२ बमोजिमका कुराहरु उल्लेख हुने गरी लगत खडा गर्नेछ। सदस्यहरुको स्थायी ठेगाना, पेशा व्यवसाय, सम्पर्क फोन र सदस्यता मागको निवेदन तथा सदस्यता छाडेको अभिलेख अध्यावधिक गरी राख्नेछ। कार्यक्षेत्र बाहिर बसोबास गर्ने वा अनाधिकृत व्यक्तिलाई सदस्यता दिइने छैन।

६९. **अमान्य हुने :** यस विधेयकमा उल्लेखित कुनै व्यवस्थाहरु नेपाल सरकारका प्रचलित विधेयक, नियम सिध्धान्तहरुसंग बाझिने भएमा बाझिएको हदसम्म स्वत: अमान्य हुनेछ।

७०. **बचाउ :** कुनै लघु जलविध्युत उपभोक्ता संस्था वा साधारण सभाको प्रतिनिधिको निर्वाचन, कर्मचारी नियुक्तिको सम्बन्धमा नेपालको प्रचलित विधेयक, नियम र कार्यविधी अन्तर्गतको कुनै व्यवस्थाको पालन भएको छैन भन्ने कुरा पछि ठहरिन गएमा त्यसरी ठहरिनु भन्दा अगावै त्यस्तो लघु जलविध्युत संस्था वा समिति, उपसमिति वा साधारण सभाले गरेको काम कारवाही सो कुराले मात्र बदर हुने छैन।

## अनुसूची-१

(विधेयकको दफा २४ संग सम्बन्धित)

.................................जलविध्युत उपभोक्ता समिति

साधारण सदस्यता दर्ता किताब

| क्र.सं. | बाजेको नाम | बाबुको नाम | पति वा पत्नीको नाम | सदस्यको नाम | उमेर | ठेगाना | पेशा | सदस्य भएको मिति | दस्तखत वा सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

अर्जुन गुरुङ
अध्यक्ष



CamScanner

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घुम्ती/भुमलीचोक, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७५

## अनुसूची-२

( विधेयकको दफा २४ संग सम्बन्धित )

.................................जलविध्युत उपभोक्ता समिति

उपभोक्ता सदस्यता एवम् महशुल सङ्केत कार्ड

नाम : .................................. ठेगाना : ..................................

उपभोक्ता घरधुरी नम्बर : .................. कार्ड कोड नम्बर : ८०१०७७३०५-०४-ग-०००१

| महिना | संकलन रकम | | रसिद नं | रसिदको मिति | महशुल बुझिलिनेको दस्तखत | महिना | संकलन रकम | | रसिद नं | रसिदको मिति | महशुल बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | रुपियाँ | पैसा | | | | | रुपियाँ | पैसा | | | |
| .......श्रावण | | | | | | .......श्रावण | | | | | |
| भाद्र | | | | | | भाद्र | | | | | |
| आसोज | | | | | | आसोज | | | | | |
| कार्तिक | | | | | | कार्तिक | | | | | |
| मंगसिर | | | | | | मंगसिर | | | | | |
| पौष | | | | | | पौष | | | | | |
| माघ | | | | | | माघ | | | | | |
| फाल्गुन | | | | | | फाल्गुन | | | | | |
| चैत्र | | | | | | चैत्र | | | | | |
| बैशाख | | | | | | बैशाख | | | | | |
| जेष्ठ | | | | | | जेष्ठ | | | | | |
| असार | | | | | | असार | | | | | |

नोट : प्रत्येक वर्षको अन्त वा शुरुमा लेजरमा सम्पर्क गरी आफ्नो बाँकी बक्यौता बारे यथार्थ विवरण लिनु होला।

**महशुल सङ्केत कार्डमा उपभोक्ता घरधुरी नं. राख्ने तरिका :- जस्तै**

| गाउँपालिका कोड नं. | वडा नं. | विध्युत वर्गिकरण नं. | घरधुरी नं. |
|---|---|---|---|
| ८०१०७७३०५ | ०४ | ख | ०००१ |

## अनुसूची-३

अर्जुन गुरुङ
अध्यक्ष



CamScanner

(विधेयकको दफा २२ संग सम्बन्धित )

..................................जलविध्युत उपभोक्ता समिति

मध्यम र उच्च स्तरको विध्युत सेवा उपलब्ध सम्बन्धी माग फाराम

कार्ड कोड नम्बर :

८०१०७७३०५-०४-ग-०००१

| क्र.सं. | घरमुलीको नाम | ठेगाना | लाभान्वित जनसंख्या (घरधुरीको) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| माग गरिएको सुविधा स्तर | | मध्यम स्तर | उच्च स्तर | कैफियत |
| | | | | |
| प्रयोग गरिने सम्भावित उपकरणको नाम | | परिमाण | विध्युत क्षमता (भोल्टेज) | विध्युत माग जम्मा क्षमता |
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

अर्जुन गुरुङ
अध्यक्ष